# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २३५ | काठमाडौं | बिहीबार, १० पुस २०८२ | Prabhab National Daily | Thursday, 25 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


जेन-जी आन्दोलनका घटना छानबिन

## लेखकलाई बयानमा जान कांग्रेसको सुझाव





बैठकमा निवर्तमान गृहमन्त्री रमेश लेखकलाई बयान दिन जानुपर्ने विषयमा कुरा उठ्यो । सुझाव दिने साथीहरूले बयान दिन जानु राम्रो हो भन्नुभयो ।

■ डा. प्रकाशशरण महत
प्रवक्ता, नेपाली कांग्रेस

- कार्की आयोगले लेखकपछि निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली, काठमाडौं महानगरका मेयर बालेन्द्र साह र हामी नेपालका संयोजक सुधन गुरुङसँगसमेत बयान लिने
- लेखकले बयान दिएपछि ओलीलाईसमेत बयानमा जान दबाब पर्ने कांग्रेस नेताहरूको मतख
- लेखकलाई आयोगमा बयान दिन जान कांग्रेस सभापति शेरबहादुर देउवाको निर्देशन
- पार्टीको सुझावसँगै शुक्रबार बयान दिन जाने लेखकको तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका नेताहरूले निवर्तमान गृहमन्त्री रमेश लेखकलाई जेन-जी आन्दोलनका घटना छानबिनका लागि गठित जाँचबुझ आयोगमा बयान दिन जान सुझाव दिएका छन् । कांग्रेस केन्द्रीय सम्पादन समितिको बुधबारको बैठकमा सहभागी नेताहरूले लेखकलाई गौरीबहादुर कार्की नेतृत्वको आयोगमा बयान दिन जान सुझाव दिएका हुन् ।

आयोगले पत्र काटिसकेको अवस्थामा बयानमा जाँदा राम्रो हुने सुझाव नेताहरूले लेखकलाई दिएको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बताए । 'बैठकमा निवर्तमान गृहमन्त्रीलाई बयान दिन जानुपर्ने विषयमा कुरा उठ्यो । सुझाव दिने साथीहरूले बयान दिन जानु राम्रो हो भन्नुभयो,' बैठकपछि महतले भने ।

जेन-जी विद्रोहको क्रममा लेखक गृहमन्त्री थिए । भदौ २३ गतेको आन्दोलनमा प्रहरीले गोली चलाउँदा युवाहरूको मृत्यु भएपछि सोही राति उनले गृहमन्त्रीबाट राजीनामा दिएका थिए । उक्त दिन नयाँ बानेश्वरस्थित संसद् भवनअगाडि १९ जना युवाको मृत्यु भएको थियो ।

उक्त घटनालगत्तै कांग्रेसले लेखकलाई राजीनामा दिन सुझाएको थियो । त्यतिबेला प्रधानमन्त्री रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीले भने लेखकलाई राजीनामा नदिन सुझाएका थिए ।

क्रमशः पृष्ठ २ मा

# कार्की सरकार र प्रतिनिधिसभा विघटन परीक्षणअघिको चुनाव अन्योलपूर्ण



संवैधानिक प्रयोग र पालनासम्बन्धी विवाद यथासम्भव टुंगो लगाउनु नै संविधानको संरक्षकका रूपमा स्थापित सर्वोच्च अदालतको संवैधानिक दायित्व हो ।

■ टोपबहादुर सिंह
अध्यक्ष, पूर्वन्यायाधीश फोरम



संवैधानिक हिसाबले संसद् विघटन र सरकार गठनबारे निर्णय गरेरमात्रै निर्वाचन गर्नुपर्ने पूर्वन्यायाधीश फोरमको सल्लाह उपयुक्त हो । अब सर्वोच्च अदालतले यसमा विलम्ब गर्नु हुँदैन ।

■ पद्मा अर्याल
सचिव, नेकपा एमाले






■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटनको संवैधानिक परीक्षण निर्वाचनअघि नै गर्न राजनीतिक र न्यायिक वृत्त दुवैबाट दबाब बढेको छ । यससम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ ।

नेपाली कांग्रेस र नेकपा एमाले मुद्दाका पक्ष हुन् । यी दुवै दलले प्रतिनिधिसभा विघटन र कार्की सरकारलाई असंवैधानिक भन्दै कानुनी चुनौती दिएर संवैधानिक परीक्षणको माग गर्दा त्यसमा पूर्वन्यायाधीश फोरम पनि थपिएको छ । फोरमले सर्वोच्च अदालतलाई निर्वाचनअघि नै संवैधानिक परीक्षण गर्न तदारुकता देखाउन आग्रह गरेको छ ।

'संवैधानिक प्रयोग र पालनासम्बन्धी विवाद यथासम्भव सीधा टुंगो लगाउनु नै संविधानको संरक्षकका रूपमा स्थापित सर्वोच्च अदालतको संवैधानिक दायित्व हो र दायित्व निर्वाह गर्न सर्वोच्च अदालतले तदारुकता देखाउनुपर्ने अपेक्षा गरिएको छ,' पूर्वन्यायाधीश फोरमका अध्यक्ष टोपबहादुर सिंहले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यति नगरे निर्वाचन अन्योलयुक्त हुने फोरमले तर्क गरेको छ । नियन्त्रण र सन्तुलनसम्बन्धी संवैधानिक सिद्धान्तको पालना गर्ने दायित्वप्रति सर्वोच्च अदालत अलमल परेको देखिने पनि औंल्याएको छ । गत २७ भदौमा सत्ता शून्यताको स्थितिमा पूर्वप्रधानन्यायाधीश कार्की प्रधानमन्त्रीमा नियुक्त भएकी थिइन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले संविधानप्रदत्त राष्ट्रपतिको अवशिष्ट अधिकारको प्रयोग गर्दै कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

### विघटनविरूद्धका सबै मुद्दा एकै ठाउँमा सुनुवाइ

सर्वोच्च अदालतले विघटित प्रतिनिधिसभाका ६० जना सांसदले दायर गरेको रिटलाई साथै राखेर पेस गर्न आदेश दिएको छ । आदेश दिने प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, हरिप्रसाद फुयाँल, डा. मनोजकुमार शर्मा र नहकुल सुवेदीको इजलास हो ।

यो आदेशसँगै अब प्रतिनिधिसभा विघटनसम्बन्धी सबै मुद्दा एकै ठाउँमा राखेर सुनुवाइ हुने भएका छन् । रिट दायर गर्ने ६० मध्ये ५७ जना विघटित प्रतिनिधिसभाका कांग्रेस सांसद हुन् ।

सर्वोच्चमा कानुन व्यवसायीका तर्फबाट प्रतिनिधिसभा विघटनविरुद्ध १२ वटा रिट दायर छन् । सर्वोच्च अदालत प्रशासनका अनुसार त्यसमा लिखित जवाफ आइसकेको छ । नेकपा एमाले र कांग्रेसको तर्फबाट दायर रिटमा लिखित जवाफ आउने क्रम जारी छ ।


रिटमा प्रतिनिधिसभा निर्वाचनका सबै गतिविधि रोक्न माग गरिएको छ । 'असंवैधानिक तवरले नियुक्त प्रधानमन्त्री सुशीला कार्की र उनी नेतृत्वको सरकारले गर्ने भनिएको प्रतिनिधिसभा निर्वाचनसमेत...

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदीसँग जनवरीभित्रै श्रम सम्झौता गर्ने तयारी

- बुधबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी र नेपालका लागि साउदीका कार्यवाहक राजदूत अब्दुलनासर बिन हुसेन अल-हार्थिबीच भेटवार्ता
- श्रम सम्झौतापत्रमा हस्ताक्षर गर्ने विषयमा कुराकानी
- श्रमिकको अधिकार र दुई देशबीचको श्रम कूटनीतिका आधारभूत विषयहरु सम्झौतामा समेटिने



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले साउदी अरेबियासँग सन् २०२६ को पहिलो महिनामै श्रम सम्झौता गर्ने तयारी गरेको छ । पछिल्लो समय नेपालीहरूको दोस्रो ठूलो रोजगार गन्तव्य बनेको साउदीसँग जनवरी महिनाभित्रै सम्झौता गर्ने गरी तयारी गरेको हो ।

बुधबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारी र नेपालका लागि साउदीका कार्यवाहक राजदूत अब्दुलनासर बिन हुसेन अल-हार्थिबीचको भेटमा श्रम सम्झौताको विषयमा छलफल भएको जानकारी दिएको छ । आगामी जनवरी २६ देखि २७ मा साउदीमा 'ग्लोबल लेबर मार्केट कन्फरेन्स, २०२६' हुँदै छ । सोही सम्मेलनमा सहभागी हुने क्रममा साउदी सरकारसँग श्रम सम्झौतापत्रमा हस्ताक्षर गर्ने विषयमा कुराकानी भएको मन्त्रालयले जानकारी दिएको छ ।

पहिलो श्रम सम्झौता भएकाले श्रमिकको हक हित र दुई देशबीचको श्रम कूटनीतिका आधारभूत विषयहरू समावेश भएको मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए । 'अरु देशमा हुनेजस्तै आधारभूत सम्झौता नै हो । लिगल फ्रेमवर्कमा श्रमिकहरूलाई यसरी पठाउने भन्ने सम्झौता हुन्छ,' घिमिरेले भने, 'मानवअधिकार, सेफ्टी मेकानिजम, केही समस्या भए संयुक्त संयन्त्रमार्फत समाधान गर्नेलगायतका विषयमा केन्द्रित भएको छ ।'

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) र अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)को ऐनअनुसार श्रम सम्झौता हुने मन्त्रालयले जनाएको छ । साउदीसँग २०६५ सालमा तत्कालीन श्रममन्त्री लेखराज भट्ट र श्रमराज्यमन्त्री मोहम्मद अफ्ताव आलमले श्रम सम्झौताका लागि पहिलोपटक छलफल गरेका थिए । त्यसपछि नेपाली पक्षको मागपछि साउदीले २०६८ सालमा नेपालमा आफ्नो दूतावास खोले पनि श्रम सम्झौताका लागि चासो देखाएको अवस्था थिएन ।

२०७२ सालपछि भने साउदीले घरेलु रोजगारीमा लगाइएको प्रतिबन्ध खुलाउन सर्त राख्दै आएको छ । नेपालले उक्त सर्त नमानेपछि साउदीले श्रम सम्झौतामा चासो नदेखाएको बताइने गरिन्छ । डेढ दशकभन्दा लामो समयदेखि सम्झौताका लागि प्रस्ताव गर्दै आए पनि चासो नदेखाएको साउदी यतिबेला २०३४ को फिफा विश्वकप फुटबल आयोजना गर्ने तयारीमा छ । यसका लागि बन्दै गरेका पूर्वाधारमा ठूलो संख्यामा कामदार आवश्यक पर्नु र अन्तर्राष्ट्रियस्तरमासमेत श्रमिकको अधिकार हनन भएको भन्दै प्रश्नहरू उठिरहेको अवस्थामा सम्झौताका लागि साउदी तयार भएको बुझिएको छ । साउदीले आगामी १० वर्षसम्म ठूलो संख्यामा नेपाली कामदार लग्ने बताउँदै आएको छ ।

क्रमशः पृष्ठ २ मा

## लिङ्देन-थापा चार वर्षपछि एक ठाउँमा

### पुस १६ मा राप्रपा-राप्रपा नेपाल एकता

- राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र राप्रपा नेपालका अध्यक्ष कमल थापाबीच एकता गर्ने सम्झदारीपत्रमा हस्ताक्षर
- चार वर्षअघि विभाजित दुई दलबीच १६ पुसमा एकता हुने
- बलियो प्रजातान्त्रिक राष्ट्रवादी शक्ति बनाउन एकता



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राप्रपा नेपालबीच विभाजनको चार वर्षपछि एकता हुने भएको छ । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र राप्रपा नेपालका अध्यक्ष कमल थापाबीच बुधबार पार्टी एकता गर्नेगरी सहमति भएको हो । समझदारीपत्रमा दुई अध्यक्षले हस्ताक्षरसमेत गरेका छन् ।

पार्टी एकता घोषणा भने यही १६ पुसमा हुने राप्रपा नेपालका महामन्त्री राजाराम बर्तौलाले बताए । उनका अनुसार दुई पार्टी एकता प्रक्रियामा आउनुको चार कारण छन् । पहिलो, जेन-जी विद्रोहपछिको राजनीतिक घटनाक्रम । दोस्रो, बलियो प्रजातान्त्रिक राष्ट्रवादी शक्तिको आवश्यकता । तेस्रो, राप्रपा र राप्रपा नेपालबीच एकता होस् भन्ने देशभरिका नेता कार्यकर्ताको भावना । चौथो, आगामी प्रतिनिधिसभा निर्वाचन ।

बर्तौलाले दुई पार्टीको एकताबारे प्रभावसँग भने, 'यो लेनदेनको होइन, सैद्धान्तिक र भावनात्मक एकता हो ।' पार्टीको महाधिवेशनमा लिङ्देनसँग पराजित भएपछि पूर्वअध्यक्ष थापाले २५ माघ २०७८ मा राप्रपाबाट अलग भएको घोषणा गरेका थिए ।

"यो लेनदेनको होइन, सैद्धान्तिक र भावनात्मक एकता हो ।

■ राजाराम बर्तौला
महामन्त्री, राप्रपा नेपाल

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## कार्की सरकार...

उनै कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन गरेका थिए, जुन आवश्यकताको सिद्धान्तको आधारमा भएको तर्क गरिएको थियो । तर, नेकपा एमाले प्रतिनिधिसभा विघटन र कार्की नेतृत्वको अन्तरिम सरकार गठनलाई असंवैधानिक भन्दै सर्वोच्च पुग्यो, जसलाई कांग्रेसले पनि साथ दियो । त्यसमाथि पूर्वन्यायाधीश फोरम पनि कांग्रेस-एमालेकै कित्तामा उभिएको हो ।

एमाले सचिव पद्मा अर्यालले पूर्वन्यायाधीश फोरमले सर्वोच्च अदालतलाई सुझाएको विषय उपयुक्त भएको बताइन् ।

'संवैधानिक र कानुनी हिसाबले संसद् विघटन र सरकार गठनबारे निर्णय गरेरमात्रै निर्वाचन गर्नुपर्छ, त्यो मात्रै ठीक हुन्छ भनेर जसरी पूर्वन्यायाधीश फोरमले सल्लाह दियो, त्यो उपयुक्त सल्लाह हो,' उनले प्रभावसँग भनिन्, 'अब सर्वोच्च अदालतले यसमा विलम्ब गर्नु हुँदैन ।'

उसो त प्रतिनिधिसभा विघटन र अन्तरिम सरकार गठनले जनादेशबाट अलग गर्दै कार्यपालिकाको केन्द्रबिन्दुबाट बाहिर धकेलेको पीडा कांग्रेस र एमाले दुवैमा छ । त्यसैले अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटन असंवैधानिक भएको दाबी सत्ता चिन्तामात्रै नभई दलगत राजनीति कमजोर पारिँदाको प्रतिवादसमेत भनिएको छ ।

यससम्बन्धी मुद्दा सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन छ । यसअघि २३ कात्तिकमा भने मुद्दामा अन्तरिम आदेश दिन सर्वोच्चले अस्वीकार गर्‍यो । सरकारविरुद्ध कारण देखाऊ आदेशमात्रै जारी गरेको थियो । प्रतिनिधिसभा निर्वाचन हुने मिति आगामी २१ फागुनमा हो ।

■■■

## विघटनविरूद्धका...

अवैधानिक हुने हुँदा निर्वाचनसँग सम्बन्धित सम्पूर्ण कामकारबाही प्रतिषेधको आदेश जारी गरी रोकिपाऊँ,' रिटमा छ । रिटमा राष्ट्रपति कार्यालय शीतल निवास, प्रधानमन्त्री कार्की, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, निर्वाचन आयोग, सभामुख, प्रतिनिधिसभा र संसद् सचिवालयलाई विपक्ष बनाएको छ । रिटमा संविधानको धारा ७६ अनुसार सरकार गठनका लागि राष्ट्रपतिको नाममा परमादेशसमेत माग गरिएको छ ।

राष्ट्रपतिले धारा ७६ अनुसार नयाँ सरकार गठनको प्रक्रिया सुरु गर्नुपर्नेमा त्यसो नगरी असंवैधानिक रूपमा सुशीला कार्कीको नेतृत्वको सरकार गठन गरेको दाबी गरिएको छ ।

कार्की सरकार भंग गर्न दबाब

नेकपा माओवादीका महासचिव नेत्रविक्रम चन्द सुशीला कार्की नेतृत्वको सरकार भंग गर्नुपर्ने भन्दै राष्ट्रपति रामचन्द्र पौडेलकहाँ पुगेका छन् । राष्ट्रपति पौडेलसँग उनले सर्वपक्षीय सरकार गठनको माग गरे ।

त्यस्तो सरकार जेन-जी आन्दोलनको भावनाअनुसारको हुने उनको भनाइ छ । उनले जेन-जी विद्रोहका दोषीलाई कारबाही गर्न पनि माग गरेका छन् । यसबाहेक भ्रष्टाचारको छानबिनका लागि उच्चस्तरीय नागरिक आयोग गठन गर्नुपर्ने र संविधानको पुनर्लेखन गर्नुपर्ने उल्लेख गरेका छन् । यी माग १० दिनमा पूरा नभए सडक संघर्षमा जाने उनको चेतावनी छ ।

■■■

## पूर्वगृहमन्त्री...

उनै लेखकलाई मंगलबार कार्की आयोगले बयानका लागि पत्र काटेको हो । लेखकलाई आयोगले सात दिनभित्र उपस्थित हुन भनेको छ ।

यस्तो अवस्थामा बयानमा जाँदा बाहिर राम्रो सन्देश जाने र निवर्तमान प्रधानमन्त्री ओलीलाई पनि बयानका लागि दबाब पर्ने नेताहरूले सुझाएका थिए । 'अहिले एमाले अध्यक्ष ओली बयानमा जान आनाकानी गरिरहेका छन् । यस्तो बेला बयानमा जानु राम्रो हो,' बैठकमा नेताहरूले लेखकलाई भनेका थिए ।

शुक्रबार बयानमा जाने तयारीमा लेखक

नेता लेखक शुक्रबार बयानमा जाने तयारी गरेको कांग्रेस नेताहरूले बताएका छन् । नेताहरूको सुझावअनुसार लेखक बयानका लागि जान राजी भएसँगै आयोगले शुक्रबारका लागि समय तय गरेको आयोगका एक सदस्यले बताए । 'उहाँलाई सात दिनभित्र उपस्थित हुन भनेका थियौं । तर उहाँले शुक्रबार आउने भन्नुभएकोले त्यही दिन बयान हुन्छ,' ती सदस्यले भने । कांग्रेस सभापति शेरबहादुर देउवालेसमेत लेखकलाई बयानमा जान भनिसकेकोले उनी हाजिर हुने बताइएको छ ।

कार्की आयोगलाई सुरुमा तीन महिना म्याद दिइएकामा सरकारले पछिल्लोपटक एक महिना थप गरेको छ । असोज ५ मा गठन भएको आयोगको म्याद सरकारले पुस ६ गते एक महिना थप गरेको हो । उक्त आयोगले यस अवधिमा तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकसहित केही राजनीतिक व्यक्तिको बयान लिन बाँकी छ । आयोगले काठमाडौं महानगरका मेयर बालेन्द्र साह र हामी नेपालका संयोजक सुधन गुरुङसँगसमेत बयान लिने तयारी गरेको बताइएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले भने गृहमन्त्री लेखकसँग सोधपुछ सकेर सुरक्षा परिषद्का सदस्य रहेका तत्कालीन मन्त्रीहरूसँग बयान लिन थालेको छ । लेखकको बयानपछि आयोगले ओलीलाई पनि बयानमा बोलाउने तयारी गरेको ती सदस्यको दाबी रह्यो । यद्यपि ओलीले मंगलबार राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री सुशीला कार्कीसमक्ष आफू बयानका लागि नजाने बताएका थिए । निर्वाचनको वातावरण नबनेको उल्लेख गर्दै ओलीले आफूलाई स्थानहद तोकिएकोबारेमा आपत्ति जनाएका थिए । 'दलका नेतालाई स्थान हद तोकिएको छ । छानबिनका नाममा बदनाम गराउने कोसिस गरेर सरकारले चुनावको वातावरण बनाउँदै छ त ?' ओलीको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो ।

प्रधानमन्त्री कार्कीले भने यो एउटा प्रक्रिया भएकोले यसलाई पूरा गर्नुपर्ने भनाइ राखेकी थिइन् । कार्कीले बयान दिइसकेका अरु कर्मचारीको स्थानहद फुकुवा भइसकेकोले सरकारलाई सघाउन आग्रह गरेकी थिइन् । 'भदौ २३ र २४ गतेको घटनाबारे अध्ययनका लागि गठन भएको आयोगलाई बयान दिनु एउटा प्रक्रिया हो । स्थानहद पनि एउटा प्रक्रिया हो । यसमा तपाईंले सघाउनुपर्छ,' बैठकमा प्रधानमन्त्री कार्कीले भनेकी थिइन् ।

ओलीले बाहिरी रूपमा निर्वाचनको विरोध गरे पनि भित्रीरूपमा भने तयारी तीव्र पारेको एमालेकै नेताहरूले बताएका छन् । 'चुनाव हुँदैन पनि भन्छन दलहरू फेरि आफैं खुसुखुसु समानुपातिक सदस्यको नाम पनि बटुल्दै रहेछन्,' एमालेको केन्द्रीय सदस्य गोकुल बास्कोटाले एमालेभित्रको गतिविधि यसरी खुलासा गरेका छन् । ओलीले यसरी विभिन्न वक्तव्य दिनु बयान छल्नका लागि दिइएको नेताहरू बताउँछन् ।

सरकारले जेन-जी आन्दोलनमा भएको बल प्रयोगलगायतका घटनाको छानबिन गर्न विशेष अदालतका पूर्वअध्यक्ष कार्कीको संयोजकत्वमा नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य रहेको आयोग बनाएको हो ।

■■■

## साउदीसँग...

संयुक्त अरब इमिरेट्स (युएई)पछि धेरै नेपाली श्रमिक जाँदै आएको साउदीमा गत आर्थिक वर्ष २०८१/८२ मा एक लाख ५२ हजार ५५७ जना व्यक्तिगत, संस्थागत र श्रम स्वीकृति लिएर गएका थिए । २०८०/८१ मा यसरी साउदी गएकाको संख्या एक लाख ४१ हजार ५०२ छ । त्यहाँ घरेलु कामदारबाहेक चार लाखको हाराहारीमा नेपाली रहेको बताइन्छ ।

सरकारी विवरणअनुसार ६० प्रतिशतभन्दा बढी श्रमिक अदक्ष श्रमिकका रूपमा कार्यरत छन् । उनीहरू निर्माण, सफाइ, प्याकेजिङ, लोडिङ, डेलिभरी जस्ता काममा जाने गरेका छन् । यसबाहेक ड्राइभिङ, मेसिन अपरेटर, सेल्स तथा उत्पादन क्षेत्रमा बढी कामदार जाँदै आएका छन् ।

दुई देशबीचको श्रम सम्झौताविनै रोजगारीमा जाँदा श्रमिकहरू श्रम अधिकार हननको समस्यामा पर्दै आएका थिए । त्यहाँ श्रमिकमाथि जबरजस्ती श्रममा लगाएको, पारिश्रमिक चोरी, शारीरीक दुर्व्यवहारजस्ता घटना भएको पाइएको विभिन्न मानवअधिकारवादी संघसंस्थाले उजागर गर्दै आएका थिए । द्विपक्षीय श्रम सम्झौता नहुँदा यस्ता समस्याको समाधान पनि चुनौतीपूर्ण बनेको थियो । सम्झौतापछि भने दुवै मुलुक नियमभित्र बाँधिने हुँदा घटनामा कमी आउने जनाइएको छ ।

■■■

## लिङ्देन-थापा...

त्यसबेला उनले पूर्वराजा ज्ञानेन्द्र शाहले पार्टी महाधिवेशनमा हस्तक्षेप गरेर आफूलाई अध्यक्षमा हराएको गम्भीर आरोप लगाए । लिङ्देनलाई अध्यक्ष मान्न उनी तयार भएनन् । अन्ततः पार्टी छाडे ।

राप्रपाका संस्थापकमध्येका एक नेता थापाले त्यसबेला पार्टीमात्रै छाडेनन्, राजतन्त्रको एजेण्डा मिल्काएर गणतन्त्रको पक्षपातीसमेत भए । बीचमा मार्ग परिवर्तन भनेर फेरि राजतन्त्रकै पक्षमा उभिए । त्यसपछि उनी राप्रपासँग एकता गर्न निकै आतुर थिए ।

गत कात्तिकमा ललितपुरको लामाटारस्थित लिङ्देन निवासमा पार्टी एकताबारे लिङ्देन-थापाबीच छलफल भएको थियो । दुवै पार्टीका दोस्रो तहका नेताहरू एकताबारे निरन्तर संवादमा थिए । परिणामस्वरूप बुधबार दुई अध्यक्षबीच पार्टी एकता गर्ने समझदारी भएको हो ।

थापानिकट एक नेताका अनुसार पार्टी एकता हुँदा थापालाई दोस्रो वरीयता दिने समझदारी पनि भएको छ । अन्य नेताको व्यवस्थापनबारे भने दुई दलीय वार्ता टोलीले टुंगो लगाउने भएको छ ।

तर, राप्रपाको संस्थापनइतर पक्षले भने पार्टीमा थापाको पुनरागमनलाई संशयपूर्ण ढंगले हेरेको छ । महाधिवेशनको संघारमा लिङ्देनले थापाको दललाई एकता प्रक्रियामा ल्याएर आफू बलियो हुने रणनीति लिएको बुझाइ संस्थापनइतर पक्षको छ । यो पक्ष लिङ्देन नेतृत्वको संस्थापन पक्षको पेलाइमा छ । पदीय जिम्मेवारी खोस्ने, निलम्बन गर्नेदेखि निष्कासन गर्नेसम्मको कार्य लिङ्देनबाट भएपछि विगतदेखि नै रुष्ट छ ।


### गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति २०८२।०९।१० गते**

**श्री सदाबहार सामुदायिक वन उपभोक्ता समूह**, शान्तिनगर गा.पा.- १, २ र बबई गा.पा. -६, दाडको वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं.१, सा.व.उ.स. परिसर, दाडको घाट्गद्दीमा लट बनाई राखिएको साल, असना, कर्मा, बरी, दबदबे र धौटी जातको गोलिया काठ थान ९१४ को ७८६०.१९ क्यू.फि. साल दाउरा २०.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**



### इष्टर्न सुगर मिल्स लिमिटेडको
### छब्बीसौं वार्षिक साधारण सभा बस्ने सूचना

मिति २०८२।०८।३० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

मिति : २०८२ पौष ३० गते बुधबार

समय : अपरान्ह १२:०० बजे ।

साधारण सभा हुने स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गणवहाल, काठमाडौं ।

**छलफलका विषयहरुः**

(क) आ.ब. २०८१।०८२ को वार्षिक प्रतिवेदन उपर छलफल र पारित गर्ने ।
(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ ३२ गतेको वासलात, नाफा नोक्सानी हिसाव तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने ।
(ग) संचालक समितिबाट भए गरेका काम कारवाहीहरुको अनुमोदन गर्ने ।
(घ) आ.ब.२०८२।०८३ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(ङ) विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



### युनियन उर्जा डेभलपर्स लि.

रजिष्टर्ड कार्यालय, ल.पु.म.न.पा.वडा नं. ३, धोविघाट, ललितपुर

सम्पर्क नं. ०१-५४२५४०६

### दोस्रो वार्षिक साधारण सभा हुने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१० गते**

यस युनियन उर्जा डेभलपर्स लिमिटेड कम्पनीको मिति २०८२/०९/०८ गते बसेको संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम निम्न विषयहरु माथि छलफल गरी पारित गर्न कम्पनीको दोस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरु उपस्थित भई दिनु हुन वा रितपुर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन अनुरोध छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८२ पौष ३० गते, बुधबार ।

**समय** : बिहान १०:०० बजे

**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची तथा प्रस्तावहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाब सहितको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. संचालक समितिको वैठक भत्ता सम्बन्धमा ।
५. विविध ।

**संचालक समितिको आज्ञाले**
**अध्यक्ष**



### साउदी र कुवेतमा रोजगार

कम्पनी : High Taste Trading Est.

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335518 | चलानी नं. ६०२४९५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing& Packaging Worker | 4 | 0 | 1000 | ३८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Sak Construction Company For General Trading And Contracting

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 336051 | चलानी नं. ६०२४९५८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 100 | ४६,८०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १७ गते (1st jan 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832, Mobile: +977 9847102208, 9813122112, 9822797973, 810895032, 9808208681 Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

Govt. License 083/053/054



### साउदीमा रोजगार

कम्पनी : COFFEE BEACH TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335905 | चलानी नं. ६०२४९५३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage Controller | 3 | 0 | 1200 | ४५,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**बिहीबार, १० पुस, २०८२**

| | |
|---|---|
| **मेष** | उत्साववर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **वृष** | विषेश काम, रोकिएका काम बन्नेछ । |
| **मिथुन** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **कर्कट** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **सिंह** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **कन्या** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **तुला** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **वृश्चिक** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **धनु** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **मकर** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **कुम्भ** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **मीन** | उतारचढावमा समय व्यतित हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**१० पुस, २०८२ (२५ डिसेम्बर, २०२५)**

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४३.१५ | १४३.७५ |
| युरो | १ को | १६८.९० | १६९.६१ |
| पाउन्ड स्टिर्लङ | १ को | १९३.३७ | १९४.१८ |
| स्विस फ्रैन्क | १ को | १८१.७९ | १८२.५५ |
| अस्ट्रेलियन डलर | १ को | ९५.८४ | ९६.२४ |
| क्यानाडियन डलर | १ को | १०४.४५ | १०४.८९ |
| सिङ्गापुर डलर | १ को | १११.४० | १११.८७ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | २०.३७ | २०.४५ |
| साउदी अरब रियाल | १ को | ३८.१७ | ३८.३३ |
| कतारी रियाल | १ को | ३९.२७ | ३९.४४ |
| थाई भाट | ख १ को | ४.६० | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.९८ | ३९.१४ |
| मलेसियन रिङेट | १ को | ३५.२२ | ३५.३७ |
| दक्षिण कोरियन वन | १०० को | ९.६७ | ९.७१ |
| स्विडिस क्रोनर | १ को | १५.६० | १५.६७ |
| डेनिस क्रोनर | १ को | २२.६१ | २२.७१ |
| हङकङ डलर | १ को | १८.४१ | १८.४८ |
| कुवेती दिनार | १ को | ४६६.२६ | ४६८.२१ |
| बहराइन दिनार | १ को | ३७९.६५ | ३८१.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# निषेधको राजनीति नगर्न दलहरूलाई आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निषेधको राजनीति नगर्न दलहरूलाई आग्रह गरेका छन् । आगामी फागुन २१ गते तय गरिएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूची पेसका विषयमा राजनीतिक दलका लागि निर्वाचन आयोगद्वारा आयोजित दुई दिने अभिमुखीकरणको समापनसत्रलाई बुधबार सम्बोधन गर्दै उनले यस्तो आग्रह गरेका हुन् ।

निषेधको राजनीति नगरी सबैलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रूपमा निर्वाचन प्रचारप्रसारको वातावरण सिर्जना गर्न दलहरूलाई उनको आग्रह छ । 'निर्वाचनमा गौंडो बाटो छेक्ने काम कसैले गर्नुहुँदैन । मतदाताबीच मीठो मसिनो रूपमा प्रस्तुत हुनुहोला,' भण्डारीले भने, 'निर्वाचन आयोग त रेफ्रीमात्रै हो, निर्वाचनका खेलाडी त राजनीतिक दलहरू नै हुन् ।'

उनले आवश्यक सम्पूर्ण तयारी भइरहेकाले अब प्रतिनिधिसभा सदस्य निर्वाचन हुने/नहुने भन्ने बहस निरर्थक हुने बताए । कार्यवाहक प्रमुख आयुक्त भण्डारीले अहिलेको अवस्थामा निर्वाचन निर्विकल्प समाधान भएको बताए । उनले निर्वाचनको राजनीतिक मुद्दा राजनीतिकरूपमा हल हुने र आयोगले राजनीतिक तथा कानुनीरूपमा हल भएका विषयलाई शिरोपर गर्ने स्पष्ट गरे ।

'आयोग जसरी पनि निर्वाचन गराउन तल्लीन रहेको छ । हामीसँग निर्वाचन गर्नेबाहेक अरु अठोट छैन । जेन-जी विद्रोहपछिको राजनीतिक अवस्थामा समयमा निर्वाचन नभए के हुने भन्ने पनि अन्योल पनि हुन्छ । त्यसकारण निर्वाचन गराउनु निर्विकल्प काम हो,' कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भने, 'संविधानलाई नियमिततामा ल्याउन पनि निर्वाचन आवश्यक छ । म सबै दललाई निर्वाचनमा राम्रो उम्मेदवार छनोट गरेर मुलुकमा सुशासन कायम गराउने दायित्व निर्वाहमा लाग्न आग्रह गर्दछु ।'

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले समानुपातिकको बन्दसूची पेस गर्दा जात, भाषा, वर्ग र भूगोल सबैलाई प्रतिनिधित्व हुनेगरी त्रुटिरहितरूपमा गर्न आग्रह गर्दै जारी हुने निर्वाचन आचारसंहिताको पूर्णपालनाका लागि पनि स्मरण गराए ।

आयोगका आयुक्तद्वय डा. जानकीकुमारी तुलाधर र सगुनशमशेर जबरा तथा सचिव कृष्णबहादुर राउत, प्रवक्ता नारायणप्रसाद भट्टराईलगायत उपस्थित कार्यक्रममा मंगलबार र बुधबार गरी सामानुपातिक प्रणालीतर्फ निर्वाचनमा भाग लिन निवेदन दिएका ९३ दलका दुई/दुई प्रतिनिधि सहभागी थिए । सहभागीलाई निर्धारित प्रतिशतमा समावेशिताका आधारमा उम्मेदवार सिफारिस गर्दा अपनाउनुपर्ने विधि र पद्धतिका सम्बन्धमा कानुन तथा तथ्यांकसम्बन्धी विज्ञले प्रशिक्षण दिएका थिए ।

राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा शुक्रबार प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गरेपछि २०७८ सालको जनगणनाको प्रतिवेदनबमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा दलहरूले बन्दसूचीको समावेशिता कायम गरी सूची पेस गर्नुपर्ने छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८ को जनसंख्याका आधारमा उक्त प्रणालीका लागि आवेदन दिएका राजनीतिक दलले यही पुस १३ र १४ गते बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा तोकिएकाले आयोग सोको पूर्ण तयारीमा रहेको प्रवक्ता भट्टराईले जानकारी दिए ।

# एम्बुलेन्स सेवा निर्देशिका पालना नगरे कारबाही

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एम्बुलेन्स सेवा निर्देशिका २०८२ विपरीत एम्बुलेन्स सञ्चालन गरेमा कानुनी कारबाही हुने जनाएको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कसैले एम्बुलेन्स सेवा निर्देशका पालना नगरे कानुनीबमोजिम कारबाही गर्ने बताए ।

मन्त्रालयले एम्बुलेन्स सेवाको सञ्चालनलाई प्रभावकारी, व्यवस्थित, मितव्ययी तथा सेवाग्राहीमैत्री बनाउन निर्देशिका जारी गरेको छ । उक्त निर्देशिका अनुसार सबै एम्बुलेन्स सेवाहरू प्रेषण केन्द्रमा आबद्ध भई सञ्चालन गर्नुपर्ने छ ।

प्रवक्ता डा. बुढाथोकीले उक्त निर्देशिकाविपरीत बिरामी वा घाइतेलाई एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्दा केही एम्बुलेन्सले आर्थिक प्रलोभनमा पारी बिरामीको इच्छा वा अस्पतालको प्रेषण वा प्रेषण केन्द्रको निर्देशनविना निजी तथा महँगो अस्पतालमा लैजाने गरेको गुनासो मन्त्रालयमा आएको बताए । उनले मन्त्रालयमा प्राप्त उजुरीमाथि छानबिन गरी कारबाही गरिने जानकारी दिए ।

# नागरिकसँगको सम्बन्ध सुधार्न 'हाम्रो प्रहरी' अभियान



**काठमाडौं (प्रस)–** प्रहरी र नागरिकबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यका साथ काठमाडौं प्रहरीले 'हाम्रो प्रहरी' अभियान सञ्चालन गर्ने भएको छ ।

प्रहरी संगठनबाट यसअघि सञ्चालित 'समुदाय-प्रहरी साझेदारी' कार्यक्रमअन्तर्गत रही सो अभियान सञ्चालन गर्न लागिएको जिल्ला प्रहरी परिसरका प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए । जेन-जी आन्दोलनपछि सिंगो प्रहरी संगठनलाई सेवामा फर्काउन जनस्तरबाट भएका पहलकदमीको भावनालाई प्रतिविम्बित गर्नका लागि प्रहरीका तर्फबाट 'हाम्रो प्रहरी'को अवधारणा स्थापित गर्न खोजिएको उनले जानकारी दिए ।

'प्रहरी आमनागरिकको हो भन्ने अवधारणालाई स्थापित गरेर आगामी दिनमा नागरिक समाज र प्रहरीबीचको सुसम्बन्धलाई अभिवृद्धि गर्ने उद्देश्य राखिएको छ,' अभियानबारे स्पष्ट पार्दै प्रहरी वरिष्ठ उपरीक्षक थापाले भने, 'यसबाट प्रहरी-नागरिकबीचका अविश्वास हल गर्न तथा अपराध न्यूनीकरण, कुरीति अन्त्य, सुशासन र सामाजिक सुव्यवस्था कायम गर्न मद्दत मिल्ने छ ।'

हाम्रो प्रहरी अभियानअन्तर्गत मंगलबारदेखि नै प्रहरीको विभिन्न युनिटबाट जनसम्बन्ध विस्तारका काम थालनी भएका छन् । 'टोलटोलमा प्रहरी कर्मचारीहरू स्थानीय नागरिकसँग भेटघाट गर्न घरदैलोमा पुग्नुभएको छ,' उनले भने, 'छिट्टै विद्यालय र क्याम्पसमा युवासँग प्रहरीको महत्त्व र सुरक्षाका बारेमा अन्तरसंवाद गरिने छ ।'

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत प्रहरीले स्थानीय तह, विद्यालय, क्लबलगायत स्थानीय संघसंस्थासम्म पुगेर अपराध न्यूनीकरण, कुरितीको अन्त्य र अन्य सामाजिक सचेतना जगाउने काम गर्दै आएको छ ।

# राष्ट्रिय सभा निर्वाचनका लागि निर्वाचन अधिकृत नियुक्त

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि सात प्रदेशमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नका साथै निर्वाचन अधिकृत पनि नियुक्त गरेको छ ।

आयोगले जिल्ला न्यायाधीशहरूलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । कोशी प्रदेशमा भीमराज प्रसाई, मधेसमा शुभनाथ पुरी, बागमतीमा गीता श्रेष्ठ, गण्डकीमा हिमाल बेल्वासे, लुम्बिनीमा प्रकाशराज पण्डित, कर्णालीमा दीपक ढकाल र सुदूरपश्चिममा भुवनसिंह थापालाई नियुक्त गरिएको छ ।

आगामी फागुन २० गतेदेखि रिक्त १९ पदमा निर्वाचन हुँदै छ । निर्वाचन कार्यक्रमअनुसार यही पुस १९ गते बिहान १०:०० बजेदेखि ११:०० बजेसम्म नामावली प्रकाशन, नामावलीमाथि दाबी विरोध तथा उजुरीमाथि छानबिन गरी पुस २२ गते दिउँसो ३:०० बजेदेखि ४:०० बजेसम्म अन्तिम नामावली प्रकाशन हुने छ ।

पुस २३ गते बिहान १० :०० बजेदेखि अपराह्न ३:०० बजेसम्म उम्मेदवारको मनोनयन, पुस २४ गते बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी, पुस २७ गते बिहान १० :०० बजेदेखि अपराह्न १:०० बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र दिउँसो १:०० बजेदेखि दिउँसो २:०० बजेसम्म उम्मेदवारीको अन्तिम नामावली प्रकाशन हुने छ ।

पुस २८ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको छ । सम्बन्धित मतदान केन्द्रमा बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म हुने छ ।

## राहदानी हरायो

मिति २०८२/०९/०९ गतेका दिन पुल्चोक देखि लगनखेल सम्म जाँदा मेरो निम्न वयहोरा भएको राहदानि हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **बिशेष पौडेल**
राहदानी नं : PA0८१७४८६
ठेगाना: **पेप्सीकोला–३२, काठमाडौं**
फोन नं : **९७४६४७८५६०**

## माइग्रेसन हराएको सूचना

मिति २०८२ /०८/१५ गते सानेपादेखि नयाँबजार काठमाडौं सम्म जाँदा मेरो निम्न व्यहोरा राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सुमित श्रेष्ठ**
**रजिस्ट्रेसन.नं.:** ८१३२७०१११०९८
**माइग्रेसन सि.नं.:** २२७०४०७९
**ठेगाना: सानेपा–२, ललितपुर**
**सम्पर्क:** :९८६३४८७१४५/९७४५९४६०१०

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२/०९/१० गते**

यस कम्पनीको मिति २०८२/०८/२५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **रोज एकेडेमी बारा प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सुमैय्या एकेडेमि इङ्गलिस उर्दु बोर्डिङ स्कुल बारा (प्रा.लि.नं. १३१०६१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/१० गते**

यस कम्पनीको मिति २०८१/११/०१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **होटल रत्न ज्योति प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **होटल हाईट ड्रिम प्यालेस प्रा.लि.(प्रा.लि.नं. १८७१४३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/१० गते**

यस कम्पनीको मिति २०८२/०८/२२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **निर्भाना बुटिक होटल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **होटल निर्भाना गार्डेन प्रा.लि.(प्रा.लि.नं. ३२०४६२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## युएइमा रोजगार

कम्पनी : PERFECT MANPOWER SUPPLY SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335883 | चलानी नं. ६०२४९५२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 99 | 0 | 1000 | ३९,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## ओमनमा रोजगार

कम्पनी : MODERN SALALAH CATERING & SERVICE CO. LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335955 | चलानी नं. ६०२४९५८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Hospital-Indoor) | 6 | 0 | 120 | ४४,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## युएइमा रोजगार

कम्पनी : AL FANAR BLDG.CLEANING

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | LT. No. 321646 | चलानी नं. ६०२३५७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 19 | 0 | 1000 | ३९,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TTA DREAM BUILDING CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335964 | चलानी नं. ६०२४९५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 1 | 0 | 1500 | ५८,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners (Male) | 9 | 0 | 1500 | ५८,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
श्रम ईजाजत नं. ४१५/०६०/६१
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation officer ( Saudi Mofa, Biometrics, Nepali Typing) - 2 (Female)
2. Accountant - 2 (Female)

(Office Timing : 10.00 AM - 5.00 PM)

नोटः +2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न, लेख्न सक्ने, सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

श्रम ईजाजत नं. ३७३७११/०८२/०८३
Globe Asia Air International Overseas Pvt. Ltd
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9828880985
E-mail: info@globeasiaoverseas.com.np

## युएइमा रोजगार

कम्पनी : SEVERITY SECURITY & GUARDING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335930 | चलानी नं. ६०२४९५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४६,८५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

## साउदीमा रोजगार

कम्पनी : BY BE SIDE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०९/०८ | LT. No. 335898 | चलानी नं. ६०२४९५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | barista coffee maker | 2 | 0 | 1500 | ५७,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Food and Beverage Counter Worker | 2 | 0 | 1500 | ५७,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १६ गते (31st Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 335898 मिति: २०८२/०९/०९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## ओमनमा रोजगार

कम्पनी : SAUD AL GHARIBI ENTERPRISES

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335878 | चलानी नं. ६०२४९५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cook | 1 | 0 | 200 | ७४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## MAURITIUS मा रोजगार

कम्पनी : CHINA JIANGSU CONSTRUCTION GROUP CORPORATION | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 321437 | चलानी नं. ६०२३५७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Backhoe Loader Driver | 5 | 0 | 19790 | ६०,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Block Mason | 1 | 0 | 19790 | ६०,२३५ | | | | | | | |
| 3 | Carpenter | 43 | 0 | 19790 | ६०,२३५ | | | | | | | |
| 4 | Cook | 5 | 0 | 19790 | ६०,२३५ | | | | | | | |
| 5 | Excavator Driver | 5 | 0 | 19790 | ६०,२३५ | | | | | | | |
| 6 | Scaffolder | 5 | 0 | 19790 | ६०,२३५ | | | | | | | |
| 7 | Steel Fixer | 43 | 0 | 19790 | ६०,२३५ | | | | | | | |
| 8 | Tile Mason | 32 | 0 | 19790 | ६०,२३५ | | | | | | | |
| 9 | Tipper Drivers (Truck Driver) | 5 | 0 | 19790 | ६०,२३५ | | | | | | | |
| 10 | Tower Crane | 5 | 0 | 19790 | ६०,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मिति:
युनिभर्सल टेक्निकल इन्सिटिट्युट एण्ड ओरियन्टेसन सेन्टर, वार्ड नं.३, कपन मार्ग, काठमाडौंमा मिति: २०८२ पुस १८ गते (2nd Jan. 2026) मा हुनेछ ।
मुनाल ट्रेनिङ सेन्टर, इटहरी ४, सुनसरीमा मिति: २०८२ पुस २० गते (4th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## श्री भैरवी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

का.जि.का.म.न.पा वार्ड न. ७, चुच्चेपाटी, काठमाडौं, फोन नं :- ०१-४४६५६२७

### कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८२/०९/१०**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले आफ्नो व्यापार व्यावसायहरू सञ्चालन गर्नु तपशिलमा उल्लेखित चलअचल सम्पत्ति सुरक्षण बापत धितो राखि लिनुभएको ऋण कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज लगायत संस्थाको अन्य लेना रकम आदि नतिरी नबुझाई ऋण कर्जा सम्बनधि शर्त बन्देजहरू उल्लंघन गनु भएको तथा ऋण कर्जा चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेको र विभिन्न मितिहरूमा सूचना बुझिलिएको भएता पनि हालसम्म पनि उक्त कर्जाको सावाँ, व्याज, हर्जना व्याज तथा अन्य दस्तुरहरू समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नू भएकोले यस संस्थालाई धितो सुरक्षण को रूपमा लेखि लेखाई दिएको तपशिल बमोजिमको सम्पति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा गोप्य शिल्बन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरू ३६ औं दिनमा यस संस्थाको कार्यालयमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत सम्बद्ध सबैलाई सुचित गरिन्छ । लिलामि बिक्रीमा सो सुरक्षण धितो कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सम्पत्ति सहकारी ले आफैं सकार गरी लिने वा सहकारी आफैले सकार गर्दा साविकमा सहकारीबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा बिक्री भयो वा उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलामी बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कतै उजुरबाजुर गर्न पाउनु हुने छैन । साथै उत्त कर्जा असुलिको कारवाही अन्तरगत ऋणी जमानी दिनुहुने सबैलाई कालोसुचीमा समावेश गरिने तथा सुरक्षण रहेको धितो लिलामी बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरी लिने व्यहोरा ऋणी तथा सरोकारवालाहरू सबैलाई यहि सूचनाद्धारा जानकारी गराइन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा उल्लेख गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तान गरी गराई आफ्नो सम्पत्रिको उचित संरक्षण गर्न गराउन समेत अनुरोध गरिएको छ ।

**तपशिल**

| क्र.स | ऋणीको नाम, ठेगाना तथा तीनपुस्ते विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १ | **ऋणीको नाम : चनमती लामा**<br>बाबुको नाम : श्रीमान लामा<br>पतिको नाम : लाक्पा लामा<br>ठेगाना : काठमाडौं जिल्ला चपली भद्रकाली -३<br>हाल, काठमाडौं जिल्ला बु.न.पा -१ काठमाडौं | **नाम : लाक्पा लामा**<br>बाबुको नाम : वाङ्गेल लामा<br>बाजेको नाम : संखे लामा<br>ठेगाना : काठमाडौं जिल्ला चपली भद्रकाली -३<br>हाल, काठमाडौं जिल्ला बु.न.पा -१ काठमाडौं |
| | **धितोको विबरण: काठमाडौं जिल्ला बु.न.पा. वडा न. ४ ख, कित्ता न. ७३५ र क्षेत्रफल ०-५-०-०** | |
| २ | **ऋणीको नाम : दुर्गा बहादुर भण्डारी**<br>बाबुको नाम : छत्र बहादुर भण्डारी<br>बाजेको नाम : मकरध्वज भण्डारी<br>ठेगाना : संखुवासभा जिल्ला मामलिङ -१,<br>हाल, का.म.न.-६, काठमाडौं | **नाम : धन कुमार राई**<br>बाबुको नाम : शिव बहादुर राई<br>बाजेको नाम :विर्तु राज राई<br>ठेगाना : खोटाङ जिल्ला, बाकाचोल -१<br>हाल टोखा न.पा. काठमाडौं |
| | **धितोको विवरण :- काठमाडौं जिल्ला सुनटोल वडा न.९ ङ कित्ता न. ७ र क्षेत्रफल ३-१-०-० (प्रमाण संकेत ची ०००१०६२/राजिनामा २०७६-०५-०८** | |

**शर्तबन्देजहरू:**

१) शिल्बन्दी बोल पत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा संस्थाको कार्यालय चुच्चेपाटीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्ने छ ।
२) बोल पत्र फारम यस संस्थाको कार्यालयबाट रु.१०००/- तिरेर प्राप्त गर्न सकिन्छ । उक्त बोल पत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिल्बन्दी गरी बाहिर समेत प्रस्ट रूपमा लेखिएको हुनु पर्छ ।
३) बोल पत्र आफुले लिन चाहेको धितोको धितोमा रहेको सम्पति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकम को १० प्रतिशतको दरले हुने धरौटिबापतको रकम यस संस्थाको खातामा जम्मा गरेको भौचर अथवा गुड फर पेमेन्ट चेक बनाई बोल पत्रको साथमा संलग्न गरेको हुनु पर्नेछ र सो बाहेक अरु कुनै किसीमको धरौटि स्वीकार गरिने छैन साथै त्यस्तो धरौटि रकमको कुनै व्याज दिइने छैन ।
४) यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनको दिन दिउसोको २:३० बजे भित्र देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरूको रोहबरमा संस्थाले संस्थाको कार्यालयमा बोलपत्र खालिनेछ । वोलपत्र दाता तथा निजको प्रतिनिधिहरूको अनुपस्थितीले मात्र बोल पत्र खोल्न बाधा पुग्ने छैन ।
५) बोलपत्र बुझाउने अन्तिम मितिमा बिदा परेमा सो लगतै पछि संस्था खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि संस्था खुलेको दिन बोलपत्र खोलिनेछ ।
६) म्याद नाघी तथा रित नपुगी आएको तथा शर्त राखिदिएको बोलपत्र उपर कुनै कारबाहि गरिने छैन ।
७) बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सुचनापाएको मितिले ७ दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम संस्थामा जम्मा गर्नू पर्नेछ । अन्यथा धरौटी बापतको रकम जफत हुनेछ ।
८) लिलाम गरिएको सम्पति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने सम्पूर्ण शुल्क तथा दस्तुर लिलाम सकार गरि लिने ले नै व्यहोर्नु पर्नेछ ।
९) लिलाम हुने सम्पति सम्वधि अन्य थप जानकारी आवश्यक भएमा कार्यलय समय भित्र संस्थामा सम्पर्क राखि जानकारी लिन सकिनेछ ।
१०) धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम संस्थाले उक्त सम्पतिको स्वमित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११) गोप्य शिल्बन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले संस्थाले आफै सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२) प्राप्त भएको गोप्य शिल्बन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढी अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण हधिकार संस्थामा सुरक्षित राखिएको छ ।
१३) संस्थाले कुनै मुनासीब कारण देखेमा बोलपत्र रद्द गर्न सक्नेछ ।
१४) धितो बन्धक लेखि दिएको उक्त सम्पति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा को अवश्थामा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आयोगसमक्ष बयानमा जानु बुद्धिमानी

भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहका क्रममा तत्कालीन सरकारले चरम दमन गरेको सर्वविदितै छ । उक्त सरकारको नेतृत्वमा एमाले अध्यक्ष केपी शर्मा ओली थिए । उक्त विद्रोहको क्रममा संसद् भवनको सुरक्षामा खटिएका सुरक्षाकर्मीबाट अन्धधुन्दा गोली चलाउँदा पहिलो दिन १९ जना युवकको नयाँ बानेश्वरमै ज्यान गयो । यो विद्रोहले त्यसपछि देशभर आगो बल्यो । ७६ जनाको मृत्यु भयो । कयौं सरकारी र निजी भवनहरू जले । नेताहरूको घर जल्यो । सरकारी र निजी सम्पत्तिमा ठूलो नोक्सानी भयो । देशको सुरक्षित नेतृत्व गर्न नसकेका ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिएर नयाँ सरकार बन्यो ।

नयाँ सरकार आन्दोलनको मर्मअनुसार गठन भएको हो । यो सरकारले भदौ २३ र २४ गते भएको घटनालाई निष्पक्ष छानबिन गर्नुपर्ने म्याण्डेटसमेत भएको छ । त्यसैले सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा जेन-जी विद्रोहको क्रममा भएको घटनाको जाँचबुझ आयोग गठन हो । आयोगले धेरैजसोलाई बयान लिए पनि प्रमुख घटकहरूको बयान लिन सकेको छैन ।

यसमध्ये एक हुन् तत्कालीन प्रधानमन्त्री ओली । ओलीले दैनिकजसो आफू बयान दिन नजाने धम्की दिइरहेका छन् । यता आयोगले पनि ओलीलाई पत्र काट्न सकेको छैन । छिट्टै पत्र काट्दै छौ भनेर मिडियामा बोल्ने तर एक्सनमा भने आयोग उत्रन सकेको छैन । आयोगले मिडियाबाजी गर्नुभन्दा पनि पत्र काटेर बयानमा बोलाइहाल्नु अहिलेको आवश्यकता हो । अख्तियारी पाएको निकायले त्रासमा बस्ने कुनै कुरा नै हुँदैन ।

जति छिटो ओलीलाई बयानमा बोलायो, उति छिटो वातावरण राम्रो बन्दै जान्छ । यता ओलीले पनि आयोगले डाकेको समयमा बयान दिन जानु नै उत्तम हुन्छ । त्यतिबेला आफूले सरकार सक्षमसँग चलाउन नसकेको स्वीकार्दै राजीनामा दिने अहिले आएर बयान दिन जान्न भन्नु ओलीको मूर्खता हो । भदौ २३ र २४ मा के कस्ता घटना भएका थिए ? जेन-जी युवाहरू मारिरहँदा सरकार के गर्दै बसेको थियो ? गोली चलाउने आदेश कसले दिएको थियो ? यो विषयमा जनताले जान्न चाहेका छन् ।

यदि राष्ट्रिय सम्पत्ति संसद् भवन जोगाउन सरकारले नै गोली चलाउन आदेश दिएको हो भने त्यसलाई पनि ओलीले प्रस्ट पार्नुपर्दछ । सरकारी सम्पत्ति जोगाउनु सरकारको कर्तव्यसमेत हो । कुरा लुकाएर, छलछाम गरेर बस्ने यो समय हैन । जति प्रस्टता हुन्छ, जनताले विश्वास पनि यहीअनुसार बढाउँदै लान्छ । यो ओली आफ्नै लागि फाइदाको विषय पनि हो । त्यसैले चुनावी वातावरण बनाउन र म्याण्डेट पाएको सरकारको काम फत्ते गराउन ओली सक्दो चाँडो कार्की आयोगमा बयान दिन जाँदा बुद्धिमानी ठहरिने छ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# नुन र मुटुरोगको सम्बन्ध



❑ डा. राजेन्द्र कोजु

"नुन र मुटुरोगको समस्या समाधानका लागि व्यक्तिगत, सामाजिक, र सरकारी तहमा सुधारात्मक कदम उठाउन आवश्यक छ । अन्य देशहरूमा जस्तै नेपालमा पनि नुनको मात्रा घटाउन खाद्य उद्योगलाई मापदण्डअनुसार उत्पादन गर्न निर्देशन दिनुपर्ने देखिन्छ । कम नुन खाएर, स्वस्थ जीवनशैली अपनाएर र जनचेतना अभिवृद्धि गरेर यस समस्या नियन्त्रण गर्न सकिन्छ । बालबालिकाहरूलाई घरमा नुनको अधिक सेवनको बेफाइदाबारे जानकारी दिने र विद्यालयमा पनि तयारी खानालाई निषेध गर्ने तथा पाठ्यक्रमहरूमा यसबारेमा विषयवस्तुहरु समावेश गर्न आवश्यक छ ।

नुन हाम्रो भान्साको एक अपरिहार्य वस्तु हो । हामीले बिहानको नास्तादेखि खाना, दिउँसोको खाजा र साँझको खानामा नुनको प्रयोग गरेकै हुन्छौं । अझ भनौं नुन हाम्रो जिब्रोको स्वाद हो, जसको अभावमा हामीले खाने भोजन स्वादिष्ट हुँदैन । नुनको अभावमा शरीरमा आलस्यता आउने मात्र होइन, स्वास्थ्यमा अनेक समस्या हुने गर्दछ ।

नुन हाम्रो संस्कृतिसँग पनि जोडिएको छ । जुठो बार्दा नुन नखाने, कतिपय पूजाआजामा अनिवार्य प्रयोग गरिन्छ । यसरी हाम्रो शरीरका लागि अपरिहार्य नुन किन फेरि हानिकारक छ त भन्ने प्रश्न पनि उठ्ने गर्दछ । ठिक्क हुँदा ठीक, बेसी हुँदा हानिकारक हुने भएकाले नुनको प्रयोगमा ध्यान दिनुपर्छ । दैनिक कति नुन हाम्रो शरीरका लागि आवश्यक हो त भन्ने कुरा व्यक्तिको जीवनशैली, ठाउँ र स्वास्थ्य अवस्थाले पनि केही फरक पार्न सक्छ । सामान्यतः दैनिक दुईदेखि तीन ग्रामसम्म नुन (सोडियम) सेवन गर्नु उपयुक्त हुन्छ । बढीमा पाँच ग्राममा सीमित रहनेगरी खान सकिने भन्ने विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले पनि भनेको छ ।



### मुटुसँगको सम्बन्ध

नेपालमा नुन सेवन र मुटुरोगको सम्बन्ध गम्भीर चिन्ताको विषय बनेको छ । आयोडिनयुक्त नुनले थाइराइडजस्ता रोग नियन्त्रण गर्न सहयोग पुऱ्याए पनि यसको अत्यधिक सेवनले मुटुरोगलाई निम्त्याउन सक्छ । यहाँका मानिसको जीवनशैली, खानपान र स्वास्थ्य शिक्षाको अभावका कारण नुनको अत्यधिक सेवन र यसको कारणले हुने मुटुरोगका समस्या बढ्दो क्रममा छन् । हाम्रो स्वास्थ्यका लागि दुईदेखि तीन ग्राम उपयुक्त हुन्छ तर अधिकांश नेपालीले दैनिक पाँच ग्रामभन्दा धेरै नुन सेवन गर्ने गर्छन् । विशेषगरी अचार, तिखर खानेकुरा, तथा प्रशोधित खानेकुराहरू जस्तै, लेज, कुरकुरे, चाउचाउ आदिमा उच्च मात्रामा नुन हुन्छ । ग्रामीण क्षेत्रमा प्राकृतिक खानाको प्रयोग भए पनि, सहरी क्षेत्रमा प्रशोधित खाना र फास्ट फुडको लोकप्रियताले नुन सेवनको दर उच्च देखिएको छ ।

नुन र मुटुरोगबीचको सम्बन्ध धेरै अध्ययनहरूद्वारा पुष्टि भएको छ । नुनमा सोडियमको मात्रा धेरै हुन्छ । अत्यधिक सोडियमले शरीरमा पानी थुप्रिने (पानी धारण गर्ने) समस्या उत्पन्न गराउँछ, जसले गर्दा रक्तचाप बढ्छ । रक्तचापले मुटु र रक्तनलीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न सक्छ । उच्च रक्तचाप (हाइपरटेन्सन) मुटुरोगको प्रमुख जोखिम कारक हो । नेपालमा हृदय रोग मृत्युको प्रमुख कारणमध्ये एक हो । उच्च रक्तचाप र यसका कारण मुटुरोग हुने समस्या नेपालमा तीव्र रूपमा बढ्दै छ । डब्ल्युएचओका अनुसार, नेपालमा लगभग ३० प्रतिशत वयस्क जनसंख्या उच्च रक्तचापको जोखिममा छ ।

लामो समयसम्म उच्च रक्तचाप रहिरहेमा मुटुको मांसपेशीमा अनावश्यक दबाब पर्छ । यसले मुटुको असमान्य कार्यक्षमता, हृदयाघात र स्ट्रोकजस्ता समस्या निम्त्याउन सक्छ । नुनको अत्यधिक सेवनले धमनीहरूलाई सख्त (अथेरोस्क्लेरोसिस) बनाउँछ । यो प्रक्रियाले रक्तप्रवाहलाई अवरुद्ध गर्नसक्छ, जसले मुटुमा अक्सिजनको अभाव गराउँछ । धेरै नुन सेवन गर्ने व्यक्तिहरूमा पानी र सोडियमको सन्तुलन बिग्रन सक्छ । यसले मुटुको काम गर्न कठिन बनाउँछ, जसले मुटुको विफलताको सम्भावना बढाउँछ । नेपालमा स्वास्थ्य मन्त्रालयः उच्च रक्तचाप र मुटुरोग नियन्त्रणका लागि केही कार्यक्रम र जनचेतनामूलक गतिविधि गर्दै आएको छ । नुनको उपभोग कम गर्ने रणनीति बनाउन डब्ल्युएचओले नेपाल सरकारसँग सहकार्य गरिरहेको छ ।

### अन्य देशमा नुनको प्रयोग

सामान्यतः अधिकांश देशहरूमा औसत नुन सेवन डब्ल्युएचओको सिफारिस (पाँच ग्राम प्रतिदिन) भन्दा धेरै उच्च छ । विकसित देशहरूले यसबारे धेरै सुधार गरेका छन्, तर विकासशील देशहरूमा अझै जनचेतना र नीतिगत हस्तक्षेप आवश्यक छ । ती देशहरूमा नुनको प्रयोग जनसंख्या, संस्कृति, खानपान र जीवनशैलीका आधारमा फरक छ । विकसित देशहरूमा नुन सेवनमा कमी ल्याउने प्रयास भइरहेको छभने धेरै विकासशील देशहरूमा अझै अत्यधिक नुन सेवन चुनौतीपूर्ण रहेको छ ।

विश्वका विकसित देशहरूमा नुनको प्रयोग कम गर्न राज्यस्तरबाटै पहलहरू भएको पाइन्छ । अमेरिकी सरकारले नुनको प्रयोग कम गर्न जनचेतना अभियान र खाद्य उद्योगमा नयाँ मापदण्ड लागू गरिरहेको छ । ल्याटिन अमेरिका मुलुकहरू ब्राजिल, मेक्सिको, अर्जेन्टिनाजस्ता देशहरूमा औसत नुन सेवन उच्च (८-११ ग्राम प्रतिदिन) छ । बेलायत, फिनल्याण्ड, डेनमार्कलगायत युरोपेली देशहरूमा नुन सेवन कम गर्न ठूला अभियान सञ्चालन गरिएको छ । बेलायतमा नुन सेवन कम गर्न पब्लिक हेल्थ इंल्याण्डले फुड म्यान्युफयाक्चरर्सलाई प्रशोधित खानामा नुन घटाउन निर्देशन दिएको छ । फिनल्याण्डः फिनल्याण्डले १९७० को दशकदेखि 'लो-सोडियम खाना' को प्रवर्द्धन गरेर नुन सेवनलाई ३० प्रतिशतले कम गरेको छ । सरकारले जनचेतना र 'लो-सोडियम सोया सस' को प्रवर्द्धन गरेर सुधार गर्ने प्रयास गरेको छ ।

छिमेकी मुलुक चीनमा औसत नुन सेवन १०-१२ ग्राम प्रतिदिन रहेकाले त्यसलाई घटाउन सरकारले जनचेतना कार्यक्रम सञ्चालन गरेको छ । भारतीयहरूको औसत दैनिक नुन सेवन ८-१० ग्राम गरिरहेका छन् । सरकारको ध्यान आयोडिनयुक्त नुन प्रवर्द्धनमा केन्द्रित रहेकाले, नुन कम गर्ने पहल भएको देखिँदैन । स्वास्थ्य शिक्षाको कमीले गर्दा अधिकांश अफ्रिकी देशहरूमा नुन सेवनको स्तर उच्च छ । भुटान, पाकिस्तान, अफगानिस्तान, श्रीलंकाका ग्रामीण र सहरी क्षेत्रमा नुनको अत्यधिक प्रयोग देखिन्छ ।

### कसरी स्वस्थ्य हुने त ?

नुन र मुटुरोगबीचको सम्बन्धबारे जनचेतना अभिवृद्धि गर्नु आवश्यक छ । प्रशोधित खाना, जस्तैः चिप्स, तयारी खाना (जंक फुड), डिब्बामा बन्द गरिएका खाना आदिमा सोडियम धेरै हुनेहुँदा यस्ता खानेकुराहरूबाट टाढै बस्नु उपयुक्त हुन्छ । नियमित व्यायाम, सन्तुलित आहार र तनाव व्यवस्थापनले मुटुरोगको जोखिम कम गर्न मद्दत गर्छ । यदि तपाईंमा मुटुरोग वा उच्च रक्तचापको इतिहास छभने चिकित्सकसँग परामर्श गरेर नुन सेवनको उचित सीमा निर्धारण गर्नु अत्यन्त महत्त्वपूर्ण छ ।

घरमा खाना पकाउँदा नुनको मात्रा नियन्त्रण गर्नु र बाहिरका प्रशोधित खानेकुरा कम गर्नुपर्छ । यसका लागि धेरै किसिमका तरकारीको सट्टा एक वा दुई किसिमका तरकारी वा दालको प्रयोग गर्ने, सागपातहरूमा नुनको प्रयोग नगर्ने, एउटा तरकारीमा नुन राखेमा अर्कोमा नराख्नेजस्ता तरिका पनि अपनाउन सकिन्छ । नियमितरूपमा रक्तचाप जाँच गर्न र मुटुरोगको प्रारम्भिक उपचार सुनिश्चित गर्ने गरिएमा मुटुजन्य स्वास्थ्य समस्या आउन पाउँदैन । स्थानीय, ताजा र सन्तुलित खाना खाने बानी बसाल्नु, व्यायाम गर्नु र धूमपान तथा मद्यपान त्याग्नु जरुरी छ ।

### निष्कर्ष

नुन र मुटुरोगको समस्या समाधानका लागि व्यक्तिगत, सामाजिक, र सरकारी तहमा सुधारात्मक कदम उठाउन आवश्यक छ । अन्य देशहरूमा जस्तै नेपालमा पनि नुनको मात्रा घटाउन खाद्य उद्योगलाई मापदण्डअनुसार उत्पादन गर्न निर्देशन दिनुपर्ने देखिन्छ । कम नुन खाएर, स्वस्थ जीवनशैली अपनाएर र जनचेतना अभिवृद्धि गरेर यस समस्या नियन्त्रण गर्न सकिन्छ । बालबालिकाहरूलाई घरमा नुनको अधिक सेवनको बेफाइदाबारे जानकारी दिने र विद्यालयमा पनि तयारी खानालाई निषेध गर्ने तथा पाठ्यक्रमहरूमा यसबारेमा विषयवस्तुहरू समावेश गर्न आवश्यक छ ।

*(वरिष्ठ मुटुरोग विशेषज्ञ डा. कोजु 'मुटुको कथा' पुस्तकका लेखक हुन् । उनीसँग करिब एक वर्षअघि राससले गरेको कुराकानीमा आधारित यो लेख पुनः प्रकाशित गरिएको हो । सं)*

## पाठक मञ्च

# जेन-जीलाई आन्दोलनमा उक्साउनेहरूसँग पनि बयान लिइयोस्

भदौ २३ गते जेन-जी पुस्ता आन्दोलनमा उत्रिए । माइतीघर मण्डलबाट ऱ्यालीसहितको सो आन्दोलनमा जेन-जी उमेर समूहलाई सहभागी हुन आह्वान गरिएको थियो । सो आन्दोलनमा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह र त्यतिबेला कारागारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले खुलेरै ऐक्यबद्धता जनाएका थिए ।

उमेरका कारण आफू उपस्थित हुन नसकेता पनि २८ वर्षमुनिका सबैलाई आन्दोलनमा सहभागिता जनाउन भनिएको थियो । उनीहरूले ऐक्यबद्धता जनाएपछि स्कुलका विद्यार्थीदेखि बालेन र रविका समर्थक सडकमा आए । तर, एकाएक आन्दोलनले हिंसात्मक र ध्वंशात्मक रूप लियो । शान्तिपूर्ण भनेर सिडिओ कार्यालयबाट अनुमति लिएकोमा तोडफोड र आगजनी गर्ने काम भयो । जेन-जी प्रदर्शनमा ७६ जनाको ज्यान गयो । हजारौं घाइते भए । जनताले तिरेको करबाट बनेको सरकारी भवन र खरिद गरिएको गाडीमा ८४ खर्बको क्षति पुगेको छ । व्यक्तिको सम्पत्तिमा पनि सोहीबराबर क्षति भएको छ ।

कानुनले भन्छ, 'चोर्नेभन्दा चोरी गर्न उक्साउने बढी दोषी हुन्छन् । मार्नेभन्दा मार्न उक्साउन बढी दोषी हुन्छन् ।' अब भनौं- रवि र बालेनमाथि अनुसन्धान हुने कि नहुने ? रवि र बालेनले नउक्साएको भए, त्यत्रो भीड जम्मा हुँदैनथ्यो । देशमा यत्रो क्षति र दर्जनौंले ज्यान गुमाउनुपर्ने थिएन । सरकारले अनुसन्धान सुरु गर्ने हो भने बालेन र रविबाट गर्नुपर्छ ।

किनकि, आन्दोलनलाई उक्साउने र भित्री रणनीति बनाउने यिनै हुन् । आन्दोलनको नाममा संसद् भवन छिर्न खोजेपछि सुरक्षाकर्मीले गोली चलाए । जुन उनीहरूको कर्तव्य हो । जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकभन्दा अगाडि यिनीहरूको बयान लिनुपर्छ ।

ओली र लेखकले गोली हान भनेर निर्देशन दिएका थिएनन् । स्थिति नियन्त्रणभन्दा बाहिर गएपछि सुरक्षाकर्मीले आफ्नो आत्मसुरक्षा र सरकारी सम्पत्तिको रक्षाका लागि गोली हानेका थिए । आन्दोलनको नाममा देश जलिसक्दा बालेन भने निरन्तर सामाजिक सञ्जालमा स्टाटस लेखेर भीडलाई झनै उक्साउने काम गरिरहेका थिए ।

यता, रवि नख्खु जेलबाट ननिस्किएको भए यत्रा कैदीबन्दी भाग्दैनथे । भदौ २३ को घटना हुनेबित्तिकै लेखकले गृहमन्त्री पदबाट राजीनामा दिइसकेका थिए । ओलीले २४ गते दिँउसो १२ बजेअगावै पदबाट राजीनामा दिए । त्यसपछि देश सरकारविहीन भए । सहकारी ठगीको अभियोगमा नख्खु कारागारमा रहेका रवि त्यही मौका छोपेर जेलबाट भागे ।

उनी भाग्नेबित्तिकै अन्य कारागारमा तोडफोड र आगजनी सुरु भयो । अहिले पनि झण्डै पाँच हजार कैदीबन्दी बाहिरै छन् । रोचक प्रसंग के भने, रवि जेलमा हुञ्जेल सरकारी सम्पत्तिमा आगो लागेको थिएन । उनी निस्किनेबित्तिकै भएभरका अदालत, राष्ट्रपति कार्यालय, सिंहदरबार, प्रधानमन्त्री निवास, प्रहरी कार्यालयहरूमा आगजनी गरियो ।

यी घटनाले शंकाको सुई उनीतिर घुमेको छ । जति आगो लाग्यो, प्रधानमन्त्री र गृहमन्त्रीले राजीनामा दिइसकेपछि भएको हो । देश खरानी भइसकेपछि बालेनले स्टाटस लेखेका थिए, 'हाम्रो लक्ष्य हासिल भयो । जेन-जी साथीहरू घर फर्किनुस् । अब देश तपाईंहरूकै हातमा छ ।'

नेपाली सेना पनि त्यतिबेला पनि बाहिर आएन । सिंहदरबारभित्रै सेनाको नरसिंहदल गण छ । तर, त्यही आगो लाग्यो । देशका ऐतिहासिक सम्पत्तिहरू जल्दा सेना रमिता हेरेर बस्यो । बालेनको साँझ ७ बजेको स्टाटसपछि राति १० बजे सेना सडकमा आयो । यो घटना योजनाबद्ध रूपमा भएको थियो भनेर सहजै बुझिन्छ ।

सुधन गुरुङ र मिराज ढुंगाना त्यतिबेलासम्म बाहिर आएका थिएनन् । जेन-जीको कोही नेतृत्व नै थिएनन् । मिराज भागिहाले, सुधन पानी बाँडेर हिँडेका थिए । कसैले नेतृत्व नलिएपछि सुधनले मौकामा चौका हाने । म लिडर भनेर अगाडि आए । वर्तमान प्रधानमन्त्री सुशीला कार्की भदौ २४ गते सडकमा आइन् ।

राजनीतिक दलमाथि कडाभन्दा कडा कारबाही गर्नुपर्छ, जेन-जीको माग सम्बोधन गर्नुपर्छ भनेर उनले चर्को भाषण दिएकी थिइन् । सामान्य भाषामा भन्दा उनले पनि भीडलाई भडकाउने काम गरेकी थिइन् । उनीसँग पनि आयोगले बयान लिनुपर्छ । भीडलाई उक्साएर यत्रो क्षति गराएको आरोपमा कानुनको दायरामा ल्याउनुपर्छ ।

सुरक्षाकर्मीले देशको सुरक्षा गर्छु, शान्तिसुरक्षा कायम गर्छु, देशमा संकट आयो भने ज्यानको बाजी राखेर लड्छु भनेर जागिर खाएका हुन्छन् । कानुनमै लेखिएको छ, 'भीड नियन्त्रणभन्दा बाहिर गयो, आफैंमाथि असुरक्षा भयो, सरकारी सम्पत्ति वा व्यक्तिको सम्पत्तिमा तोडफोड भयो भने कसैको आदेशबिनै सुरक्षाकर्मीले घुँडामुनि गोली हान्न पाउँछ ।'

जनताबाट चुनिएर गएका जनप्रतिनिधिले बनाएको कानुन हो यो । भीड यताबाट उता दौडिरहेको अवस्थामा गोली जहाँ पनि लाग्न सक्छ । त्यसैले सुरक्षाकर्मीलाई दोष लगाउनु बेकार छ ? यदि, गोली नै चलाउन नपाउने हो भने सुरक्षाकर्मीलाई किन बन्दुक दिनुपऱ्यो ? जाँचबुझ आयोगले रवि र बालेनसँग तत्काल बयान लिओस् ।

**- अनुसा थापा**, भक्तपुर



**सुर्खेतमा हुस्सु** | सुर्खेतको वीरेन्द्रनगरस्थित रत्न राजमार्ग आसपासमा बुधबार बिहान लागेको बाक्लो हुस्सु । चिसो बढेसँगै यहाँको जनजीवन कष्टकर बन्दै गएको छ । *तस्बिरः रासस*

# शीतलहरको प्रभाव बढ्दै, चोक-चोकमा दाउरा बाल्न थालियो

**सिरहा-** शीतलहरका कारण जिल्लाको जनजीवन प्रभावित भएको छ । चिसो हावाले लहान बजारसहित ग्रामीण क्षेत्रको दैनिक जनजीवन कष्टकर बनेको हो ।

शीतलहरबाट बालबालिका, वृद्धवृद्धा तथा विपन्न समुदाय सबैभन्दा बढी प्रभावित भएका छन् । स्थानीयवासी बिहानैदेखि घुर तापेर बस्न थालेका छन् भने विद्यालयमा विद्यार्थीको उपस्थिति पनि घट्दै गएको छ ।

चिसोको प्रभाव बढ्दै गएपछि लहान नगरपालिकाले बुधबार बिहानैदेखि बजार क्षेत्रका विभिन्न चोकचोकमा दाउरा बाल्ने व्यवस्था सुरु गरेको छ । लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले ग्रामीण चोक, राधाकृष्ण चोक, गणेशचोक, हनुमानस्थान, हुलाक चोकलगायत स्थानमा दाउरा बाल्ने काम थालिएको जानकारी दिए ।

उनले भने, 'बढ्दो चिसोबाट नगरवासीलाई जोगाउन तत्काल राहतका कार्यक्रम सुरु गरेका छौं । बजार क्षेत्रका प्रमुख चोकमा दाउरा बालिएको छ र वडासँग समन्वय गरेर २४ वटै वडाका आवश्यक स्थानमा दाउरा वितरण गर्ने तयारी भइरहेको छ ।' उनका अनुसार गरिब तथा विपन्न समुदायलाई लक्षित गरी ५०० परिवारलाई फाइबरका सिरक वितरण गर्ने तयारीसमेत गरिएको छ ।

उनले भने, 'चिसोबाट कसैको ज्यान जोखिममा नपरोस् भन्ने उद्देश्यले नगरपालिकाले आफ्नोतर्फबाट सक्दो पहल गरिरहेको छ ।'



यसैबीच मौसममा आएको अचानक परिवर्तन र निरन्तर चिसो हावाका कारण विद्यालयमा विद्यार्थीको उपस्थिति घटेको माध्यमिक विद्यालय पडरिया थारू टोलका प्रधानाध्यापक मनोज यादवले जानकारी दिए ।

उनका अनुसार अत्यधिक चिसोका कारण विशेषगरी विपन्न परिवारका बालबालिकासँग न्यानो लुगाको अभाव हुँदा विद्यालयमा नियमित उपस्थिति हुन नसकेको हो ।

त्यसैगरी, डिभिजन वन कार्यालय लहानले पनि जाडो छल्न दाउरा व्यवस्थापनमा सहयोग गरिरहेको जनाएको छ । कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार जिल्लाका मुख्य बजार क्षेत्रमा दाउरा उपलब्ध गराउन कार्यालयले पाँच लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।

चिसोको प्रभाव बढ्दै गएपछि जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने तयारी भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए । उनका अनुसार जिल्लाका १७ वटै स्थानीय तहका प्रमुखसँग छलफल भइरहेको र छिट्टै बैठक बसेर दाउरा उपलब्ध गराउने, न्यानो कपडा वितरण गर्नेलगायत आवश्यक निर्णय गरी कार्यान्वयन गरिने छ । लगातारको शीतलहरले जनजीवन प्रभावित भइरहेकाले सरकारी निकाय तथा स्थानीय तहले सक्रियता बढाएका छन् । *रासस*

# खच्चडलाई पानी बोकाएर खानेपानी टयांकी निर्माण गरिँदै



**अर्घाखाँची-** यहाँको सन्धिखर्क नगरपालिका-७ स्थित खाँचीकोट हिल स्टेसनमा खानेपानीको टयांकी निर्माण सुरु गरिएको छ । सो टयांकी निर्माणमा आवश्यक पानी बोक्न खच्चडको प्रयोग गरिएको छ ।

खाँचीकोटमा पानी पुऱ्याउन लुम्बिनी प्रदेश सरकारले २० लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो । सो योजना लिफ्टिङ प्रविधिबाट सञ्चालन गरिने वडाध्यक्ष चुराबहादुर केसीले जानकारी दिए ।

मोटरबाटो नपुगेको उक्त स्थानमा खानेपानी टयांकी निर्माण गर्न दैनिक सात वटा खच्चडलाई पानी बोकाइएको छ । डोल्पाबाट ल्याइएका ती सातवटा खच्चड जाजरकोट, रुकुम पश्चिम, रोल्पा, प्युठानहुँदै हिल स्टेसनमा ल्याउनै १५ दिन लागेको थियो ।

एउटा खच्चडले एक पटकमा ७० लिटर पानी बोक्ने गर्दछ । एउटा खच्चडलाई पानी बोकाएबापत दैनिक पाँच हजार रूपैयाँ ज्याला खच्चडधनीलाई भुक्तानी गर्नेगरी पानी बोकाइरहेको खानेपानी उपभोक्ता समितिका अध्यक्ष डुकबहादुर खत्रीले बताए ।

यसरी पानी बोकाउँदा एक लिटर पानीको करिब १० रूपैयाँ पर्ने अनुमान गरिएको छ । खाँचीकोट क्षेत्र ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको स्थानसमेत मानिन्छ । हिल स्टेसनसम्म पुग्न सहज हुँदा यो स्थान नयाँ पर्यटकीय गन्तव्यको रूपमा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ । *रासस*

# प्रयोग नहुँदा जीर्ण बन्दै 'होल्डिङ सेन्टर'

**अत्तरिया (कैलाली)**–कोरोना महामारीका समयमा भारतबाट स्वदेश फर्किने कोरोना संक्रमितलाई राख्न बनाएको 'होल्डिङ सेन्टर' प्रयोगविहीन हुँदा जीर्ण बन्दै गएको छ ।

कैलालीको धनगढी उपमहानगरपालिका-३ बडहरामा तीन वर्ष अगाडि संघीय सरकारले निर्माण गरेको 'होल्डिङ सेन्टर' प्रयोगविहीन छ । निर्माण सम्पन्न भएको तीन वर्षभन्दा बढी भइसक्दासमेत स्वामित्व हस्तान्तरण नहुँदा उक्त 'होल्डिङ सेन्टर' प्रयोगविहीन भएको हो ।

'होल्डिङ सेन्टर'को स्वामित्व हस्तान्तरणको बारेमा अहिलेसम्म कुनै जानकारी नआएको जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी शिवराज जोशीले बताए । 'होल्डिङ सेन्टरको स्वामित्व तीन तहका सरकारमध्ये कसले लिने भन्ने अहिलेसम्म कुनै निर्णय भएको छैन,' उनले भने, 'एक पटक रक्षा मन्त्रालयले स्वामित्व कसले लिने, के सञ्चालन गर्ने भनेर एउटा समिति गठन गरेको थियो । त्यसपछि स्थानीय प्रशासनलाई कुनै जानकारी आएको छैन ।'

'नेपाली सेनाले निर्माण गरेको हो । सञ्चालन ढाँचा के हुने भनेर रक्षा मन्त्रालयबाट आउनुपर्ने हो । अहिलेसम्म केही जानकारी आएको छैन,' उनले भने, 'होल्डिङ सेन्टरको हाल नेपाली सेनाले नै रेखदेख गरिरहेको छ ।'

एक हजार क्षमताको होल्डिङ सेन्टरमा ५९ वटा ब्लक, २० वटा क्वारेण्टिन, दुई वटा चिकित्सक कक्ष, २२ वटा शौचालय र १५ वटा भान्साकोठा निर्माण गरिएका उनले जानकारी दिए । संघीय सरकारको २८ करोड ८१ लाख रूपैयाँ लागतमा २०७८ वैशाखमा निर्माण सुरु भएको 'होल्डिङ सेन्टर' २०७९ साउनमा निर्माण सम्पन्न भएको थियो । *रासस*

# त्रियुगाको नगरसभाबाट आधा दर्जन प्रस्ताव पारित

■ प्रभाव संवाददाता



**उदयपुर-** त्रियुगा नगरपालिकाको १६औं नगरसभाबाट आधा दर्जन प्रस्ताव पारित भएको छ । सोमबार सम्पन्न भएको नगरसभामा प्रस्तुत ती प्रस्ताव सर्वसम्मत पारित गरिएको हो ।

नगरप्रमुख वसन्तकुमार बस्नेतले १६औं नगरसभाको मूल उद्देश्य संशोधित पूरक बजेट र १५औं नगरसभाले पारित गरेका नीति तथा कार्यक्रमलाई कार्यान्वयन र भावी कार्यदिशा बनाउने रहेको बताए ।

सभाले नगर शिक्षा ऐन संशोधन प्रस्ताव, संशोधित योजना तथा कार्यक्रमहरू सर्वसम्मतरूपमा पारित गरेको छ । नगरप्रमुख बस्नेतका अनुसार १५औं नगरसभाले चालु आवका लागि प्रस्तुत गरेको कूल बजेट तथा कार्यक्रमहरूलाई आवश्यकताका आधारमा संशोधन गरिएको छ ।

नगरपालिकाले चालु आर्थिक वर्षमा ३५ करोड १० लाख ६५ हजार रूपैयाँ खर्च गरेको छ । जसमा पुँजीगततर्फ नौ करोड ३५ लाख नौ हजार र चालुतर्फ २५ करोड ७५ लाख ५५ हजार रूपैयाँ खर्च भएको नगरप्रमुख बस्नेतले बताए । उनका अनुसार नगरपालिकाले चालु आर्थिक वर्षमा गरेको आन्तरिक आम्दानी तीन करोड ४० लाख ६५ हजार रूपैयाँ रहेको छ ।

नगरप्रमुख बस्नेतले विश्व बैंकको लागानीमा बन्दै गरेको सडक अन्तिम चरणमा पुगेको जानकारी दिए । स्वास्थ्य क्षेत्रमा नगरपालिकाले जिल्ला अस्पताललाई वार्षिक एक करोड रूपैयाँभन्दा बढी आर्थिक र मानवीय सहयोग गर्दै आएको उनले बताए । अझ स्वास्थ्य उपचारमा सहजता ल्याउन देउरीमा नगर अस्पताल सञ्चालन गरी भारतीय सरकारबाट २२ करोड रूपैयाँ आर्थिक सहायता ल्याएर ठेक्का लगाइसकिएको नगरप्रमुख बस्नेतले जानकारी दिए ।

उपप्रमुख महेश्वरी राईले नगरको विकास र समृद्धिलाई साझा स्वार्थ बनाउनुपर्ने बताइन् । त्रियुगा नगरबासीको सम्मानयुक्त जीवनयापन, असल शासन, पारदर्शिता, जवाफदेहिता, सरल सहज छिटो र प्रभावकारी सेवा प्रवाह, नितिगत तथा संस्थागत क्षमता विकास, स्रोत साधनको समुचित व्यवस्थापनलगात कार्यमा सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गर्दै अगाडि बढ्ने उपप्रमुख राईले जानकारी दिइन् ।

# जाडो बढेसँगै ताप्लेजुङका हिमाली बस्ती सुनसान

**ताप्लेजुङ-** केही दिनयतादेखि चिसो बसेसँगै जिल्लाका हिमाली क्षेत्रका बस्तीहरू भएका छन् । जाडो बढ्न थालेपछि स्थानीय आफ्नो बस्ती छोडेर अन्यत्र जान थालेपछि हिमाली बस्तीहरू खाली भएका हुन् ।

जिल्लाको मिक्वाखोला गाउँपालिका-५, तोक्पेगोला र लोदेनको माथिल्लो भेगमा बसोबास गर्ने सर्वसाधारण अहिले तलका (औलतिर) का बस्तीमा झरेका छन् । जाडो बढेसँगै पशुचौपायासहित यहाँका स्थानीयहरू औलतर्फ झर्ने गरेका तोक्पेगोलाका मिलनदोर्जी शेर्पाले बताए । उनले भने, 'हिउँदको समयमा जाडो छल्नकै लागि अन्यत्र जाने गरिन्छ, पशुपालक र व्यवसायमा लागेका मानिस तल्लो क्षेत्रमा रहेका घर, खर्कमा गएर बस्छन् । कतिपय अन्यत्र घुमघाम र भेटघाटमा जान्छन् ।'

शेर्पाका अनुसार तोक्पेगोलामा सामान्य अवस्थामा सात परिवार बसोबास गर्छन्, तर अहिले सबै घर रित्तो छन् । घुन्सा, फलेलगायत माथिल्लो भेगमा बसोबास गर्ने र पशुपालन गर्ने मानिसहरू औलतर्फ झरेका बताउँदै उनले सो क्षेत्रमा करिब ४०-४५ परिवार बसोबास गर्ने जानकारी दिए । सो क्षेत्रका पनि आधाजसो परिवार मंसिर अन्तिमदेखि नै घरमा ताल्चा लाएर अन्यत्र गएका छन् ।

स्थानीय छेतेनडण्डु शेर्पाका अनुसार पर्यटन व्यवसायमा संलग्न नभएका अधिकांश मानिस जाडो छल्न अन्यत्र गएका छन् । वर्षाका समयमा खेतीपातीमा व्यस्त हुने मानिसहरू पुस र माघमा बढी जाडो हुने भएकाले काठमाडौं, सिक्किम, दार्जीलिङलगायत ठाउँमा जान्छन् वा अन्य घरमा बस्छन् । घुन्सामा आधाजसो पर्यटन व्यवसायमा संलग्न भने घरैमा बसेका उनको भनाइ छ । छेतेनले भने, 'धेरैजसोका छोराछोरी पढ्न सहरतिर गएकाले यो समयलाई छोराछोरी र आफन्त भेट्ने अवसरका रूपमा लिने गरिन्छ ।'

जिल्लाका हिमाली भेगमा बसोबास गर्ने मानिस बर्सेनि जाडो छल्न अन्यत्र जाने गर्छन् । पहिले पूरै गाउँ रित्तो हुने गरे पनि आजभोलि भने बिजुली, सञ्चारलगायत सुविधाले गर्दा आधाजसोले मात्र गाउँ छाड्ने गरेका स्थानीय बताउँछन् । *रासस*


**फिदिम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फिदिम, पाँचथर**
**कोशी प्रदेश, नेपाल**

**औषधीजन्य सामग्री आपूर्ति गर्न दरभाउपत्र आह्वानको e-bidding सम्बन्धी विस्तृत सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति (२०८२/०९/१०)**

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्री आपूर्ति गर्न दरभाउपत्र आह्वानको e-bidding सम्बन्धी विस्तृत सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मा समेत राखिएको छ । इच्छुक उत्पादक कम्पनी र आधिकारिक बिक्रेता फर्महरूबाट यो सूचना प्रकाशित भएको मितिले आवश्यक कागजात सहित १६ औं दिनको १२:०० बजेभित्र दाखिला गरी सक्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आपूर्ति गर्ने सामानको विवरण | धरौटी रकम रू. | दरभाउपत्र खरिद दस्तुर रू. |
|---|---|---|---|
| PM/MRG/SQ/G /09-2082/083 | औषधी तथा औषधीजन्य सामाग्री खरिद | ३५,०००|- | १,०००|- |

१. फिदिम न.पा. आन्तरिक राजश्व खाता नं. ०६७०३०००००१००१००००००१
२. फिदिम न.पा. धरौटी खाता नं. ०६७०३०००००३००००००००१



**Triyuga Municipality**
**Office of Municipal Executive**
**Gaighat, Udayapur**

**Invitation for Bids**

**(Date of Publication: 12-25-2025)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the evaluation criteria.

| S. N. | Name of The Project | Contract Details | Substantially responsive lowest evaluated bidders | Bid Amount Excluding Vat and PS |
|---|---|---|---|---|
| 1. | Supply and Delivery of Stationery Items for Triyuga Municipality Office | 13-TM/UDA// 2082-083 | Basaha Enterprises Anamnagar, Kathmandu | 22,03,842.00|- |
| 2. | Construction of Shree Janapremi Ma.Vi. School Building, Tri.Na.Pa.-01, Udayapur | 14-TM/UDA// 2082-083 | U.K. Construction Pvt. Ltd. Katari-5, Udayapur | 57,43,612.98.00|- |
| 3. | Construction of Shree Janata Ma.Vi. School Building, Tri. Na.Pa.-15, Udayapur | 15-TM/UDA// 2082-083 | RBL Nirman sewa pvt.ltd, Triyuga na.pa. 11, Udayapur | 40,09,616.01|- |

**Chief Administrative Officer**

प्रभाव दैनिक

रूपशाला



## 'धुरन्धर'ले तोड्यो 'पुष्पा २' को रेकर्ड

बक्स अफिस कलेक्सनको हिसाबले रणबीर सिंहको फिल्म 'धुरन्धर'ले कयौँ फिल्मलाई उछिनेको छ। नेटफ्लिक्सले हालै यस फिल्मको डिजिटल स्ट्रिमिङ अधिकार किनेको छ। रिपोर्टका अनुसार, धुरन्धरले ओटीटी प्लेटफर्महरूमा पुष्पा २ लाई उछिनेको छ। नेटफ्लिक्सले पुष्पा २ भन्दा बढी मूल्यमा यो फिल्मको अधिकार किनेको हो। द इकोनोमिक टाइम्सको रिपोर्ट अनुसार, नेटफ्लिक्सले पुष्पा २ः द रूल को डिजिटल अधिकार प्राप्त गर्न २७० करोड भारू खर्च गरेको थियो। अमेजन प्राइम भिडियोले पुष्पाको स्ट्रिमिङ अधिकार ५० करोडमा किनेको थियो। मिडिया रिपोर्टहरूका अनुसार नेटफ्लिक्सले धुरन्धरको स्ट्रिमिङ अधिकार किन्न २८५ करोड भारू खर्च गरेको छ ।

बिहीबार, १० पुस २०८२ (Thursday, 25 December 2025)

# 'कुमारी' प्रवर्द्धनका लागि देशव्यापी कन्सर्ट हुने




■ प्रभाव संवाददाता

**काठमाडौं** – फिल्म 'कुमारी'ले देशव्यापी लाइभ म्युजिकल कन्सर्ट गर्ने भएको छ। 'कुमारी लाइभ म्युजिकल कन्सर्ट' नाम दिइएको कन्सर्ट फिल्म प्रचारका लागि गर्न लागेको हो। सांगीतिक दर्शकलाई फिल्मसँग जोड्न यस्तो कन्सर्ट गर्न लागेको निर्माण युनिटले जनाएको छ।

कन्सर्ट माघ १ गते सुरु भई २३ गतेसम्म चल्नेछ। कन्सर्ट दाङ, पोखरा, काठमाडौं, नेपालगन्ज, चितवन र धरानमा हुनेछ। कन्सर्टमा फिल्मका प्लेब्याक गायक केहरसिं लिम्बु र उनको ब्यान्ड 'केहर एन्ड द लुङा'ले प्रस्तुति दिनेछ। केहर र उनको ब्यान्ड युवापुस्तामाझ लोकप्रिय छ।

माघ २३ गते रिलिज हुने प्रेम कथानक फिल्म 'कुमारी'को यसअघि दुई गीतहरू 'कता छौ ...' र 'तिमी बिना ...' सार्वजनिक भएका छन्। फिल्मको अर्को एक गीत सार्वजनिकको तयारीमा छ। कन्सर्टमा गायक गायिकाले फिल्मको अलावा अन्य गीत पनि गाउनेछन्।

फिल्म दिनेश राउतले निर्देशन गरेका हुन्। भ्यालेन्टाइन डेको आसपास रिलिज हुन लागेको फिल्ममा नव कलाकार अबिषेक खड्का, आकृति राजभण्डारीको अलावा घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकांक्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने र मनषा शर्मालगायत कलाकारको अभिनय छ।

बिनिश इन्टरटेन्मेन्ट र पिक्चर फ्रेमको सहकार्यमा बनेको यस चलचित्रका निर्माता महेन्द्र अधिकारी हुन् भने कार्यकारी निर्माता केदार भुसाल रहेका छन्। विकास सुवेदीको लेखन रहेको फिल्ममा छायांकन सुसन प्रजापति, सम्पादन सुप्रिम पराजुलीको छ। फिल्म काठमाडौं उपत्यकामा डिसीएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रीब्युशनले वितरण गर्दैछन्।

# प्रभाकरको 'धोका' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं**– प्रभाकरदेव शर्मा नेपाली कला क्षेत्रका बरिष्ठ कलाकार हुन्। कमैलाई थाहा होला लेखक तथा निर्देशक समेत रहेका उनी गीतकार, गायक र संगीतकार समेत पनि हुन्। बेला बेलामा उनका गीत सांगीतिक बजारमा भित्रिदै आएको छ। यस्तै शर्माको शब्द, संगीत स्वर रहेको गीत 'धोका' सार्वजनिक गरिएको छ। प्रेममा असफल प्रेमीहरूमा सर्मपित गर्दै यो गीत ल्याइएको हो। गीतमा एरेन्ज सुयोग सोताङले गरेका छन्।

श्याड भर्सनमा तयार गीतको शब्दमा प्रेम बिछोडका पीडाहरू ब्यक्त गरिएका छन्। शर्माले गीतमा ड्रामा पनि समेटेका छन्। गीतको आकर्षक भिडियो पनि बनेको छ। भिडियोमा एक साधारण परिवारको केटालाई प्रेम परेको दश बर्षपछि प्रेमीकाले गरिब भएको भन्दै आमाबुबाको करकापमा धोका दिएको कथा देखाइएको छ। भिडियो सामान्यतय भन्दा फरक र मार्मिक छ।



भिडियोमा प्रेम जोडीको रूपमा मोडल आयुषा कार्की र सिद्धार्थ सिलवाल देखिएका छन्। मदन थापा, सुवासचन्द्र सिलवाल र सितल ठकुरीको पनि भिडियोमा अभिनय देख्न सकिन्छ। कलाकार शर्माकै निर्देशक रहेको भिडियोमा बिशाल केसी र बुलेटको छायांकन छ भने सम्पादन बिशाल केसी र दिल श्रीपाल रहेका छन्। भिडियो हिल्स होम थेटर एन्ड प्रोडक्सनको युट्युबबाट सार्वजनिक भएको हो।

शर्मामा यसअघि पनि थुप्रै गीत सार्वजनिक भैसकेका छन्। 'म पागल सरी तिमीलाई माया गरिरहन्छु', 'कुनै मन्दिरको पुजारी जस्तो पूजा गरिरहन्छु', 'आज मलाई कोही नरोक' लगायतका गीत चर्चामा रहन सफल छन्। 'घर हाम्रो नेपाल, जात हाम्रो नेपाली' यो चर्चित राष्ट्रिय गीतका शब्द पनि शर्माले नै कोरेका हुन्। बिगत ४ दशकदेखि कलाको थुप्रै बिधामा क्रियासिल शर्मा पछिल्लो समय फिल्म निर्देशन तयारी गर्दैछन्।

# 'गोबर गणेश'को शीर्ष गीतमा मरिचमान र वर्षाको नृत्य

■ प्रभाव संवाददाता

**काठमाडौं** – फिल्म 'गोबर गणेश'को शीर्ष गीत सार्वजनिक गरिएको छ। 'गोबर गणेश' बोलको गीतमा मरिचमान श्रेष्ठ (बल्छी धुर्वे)को स्वर छ। शब्द तथा संगीत बाबुल गिरीको छ। रमाइलो शैलीको गीतले चलचित्रको मुड र थोरै भएपनि चलचित्रको कथा बताउने काम गरेको छ।

गीतले सबै कुरामा परफेक्ट रहेको व्यक्ति पढाइमा भने कमजोर रहेको पक्षले पार्ने असरलाई देखाएको छ।

पढाई कमजोर हुँदा त्यसले आत्मविश्वास कसरी गिर्छ भन्ने गीतले प्रस्ट पार्छ। सबै कुरामा अब्बल हुँदा पनि पढाई मात्रै कमजोर हुँदा त्यसले समाज र साथीभाइबिच पार्ने नकारात्मक प्रभावलाई गीतले देखाएको छ।

गम्भीर विष्टको कोरियोग्राफी रहेको भिडियोमा मरिचमान केन्द्रमा छन्। उनीसँगै वर्षा शिवाकोटी र निर्मल शर्माले पनि राम्रो स्थान पाएका छन्।



'गोबर गणेश' माघ १ गते रिलिज हुँदैछ। 'गोबर गणेश'लाई मरिचमान श्रेष्ठ ९बल्छी धुर्बे०ले निर्देशन गरेका छन्। छायांकन सकेको यो चलचित्र अहिले पोस्टप्रोडक्सनमा छ।

बल्छी धुर्वे फिल्मसको प्रस्तुतिमा निर्माण भएको चलचित्रमा बल्छी र वर्षासँगै विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानिया, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायतको अभिनय छ।

चलचित्रमा शिवराम श्रेष्ठको डीओपी र विपिन मल्लको सम्पादन रहनेछ। टौवा स्टुडियोको पब्लिसिटी डिजाइन रहने चलचित्रको डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ। नेपालमा यो चलचित्रको वितरण श्री ब्याकटेस इन्टरटेनमेन्टले गर्नेछ।

## पहिलो कविता फिल्म महोत्सव आयोजना गरिने

**काठमाडौं (प्रस)**– हिमालयन लिटरेचर फेस्टिभल र राइटर्स वर्कशपले नेपालमा पहिलो कविता फिल्म महोत्सव आयोजना गर्ने भएको छ। सो महोत्सव आगामी जेठ १५ देखि २२ गतेसम्म राजधानीमा आयोजना हुने जनाइएको छ।

विश्वभरका चलचित्र निर्माता र निर्देशक, लेखक र कलाकारलाई सशक्त साहित्यिक वा काव्यिक आधार भएका चलचित्र महोत्सवमा पठाउन आयोजकले आह्वान गरेका छन्।

छोटा कविता चलचित्र, साहित्यिक रूपान्तरण तथा रूपान्तरित पटकथा, कवि तथा लेखकमा आधारित जीवनी वा वृत्तचित्र, साहित्यिक वा काव्यिक परम्परामा आधारित चलचित्रलाई महोत्सवमा समावेश गरिने हिमालयन लिटरेचर फेस्टिभलका निर्देशक सृजना भण्डारीले जानकारी दिइन्।

कविता, गद्य, सिनेमा, प्रदर्शन कला र दृश्य कलाबीचमा समन्वय गर्ने तथा अन्तरविधागत र प्रयोगात्मक कृतिलाई पनि विशेष रूपमा प्रोत्साहन गरिनेछ। आयरल्याण्डका फिल्म निर्देशक पिटर सेल्सबरी, हलिउडका सङ्गीतकार चाड क्यानन तथा बेलायतका निर्देशक स्टिफन बोकास सम्मिलित छनोट समितिले उत्कृष्ट फिल्मको चयन गर्नेछ।

महोत्सवमा समावेश भएकामध्ये सर्वोत्कृष्ट घोषित फिल्मले पुरस्कार प्राप्त गर्ने जनाइएको छ।

रंगशाला

# २०औं एसियाली खेलकुदमा नेपालले सहभागिता जनाउने



■ प्रभाव संवाददाता

**काठमाडौं** – राष्ट्रिय खेलकुद परिषद (राखेप)को १२४औं बोर्ड बैठकले जापानमा आयोजना हुने २०औं एसियाली खेलकुदमा नेपालले सहभागिता जनाउने निर्णय गरेको छ।

राखेप अध्यक्ष युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको अध्यक्षतामा बुधबार बैठक बसेको हो। एसियाली खेलकुद सन् २०२६ को सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म जापानको आइची र नागोयामा हुँदैछ। ३२ खेलका लागि २३९ पुरुष र १९५ महिला गरेर कुल ४ सय ३४ खेलाडीको संख्या दर्ता गरिसकिएको छ।

**दोस्रो सतिसाले गोल्डकप**

# इन्ट्रा पथरी–११ लाई उपाधि

■ प्रभाव संवाददाता

**पथरी (मोरङ)**– दोस्रो सतिसाले गोल्डकप खुला नकआउट फुटबल प्रतियोगिताको उपाधि इन्ट्रा पथरी-११ ले चुमेको छ। इन्ट्रा पथरी-११ ले फाइनलमा बेतना युनाइटेड फुटबल क्लब बेलबारीलाई टाइब्रेकरमा २-४ गोलअन्तरले पराजित गर्दै उपाधि चुमेको हो। उपाधिसँगै इन्ट्रा पथरी-११ ले नगद रु दुई लाख दुई हजार २२२ र उपविजेता बेतना युनाइटेडले रु एक लाख एक हजार १११ मा चित्त बुझाउनुपरेको छ।




इन्ट्रा पथरी-११ ले पहिलो हाफमा पाएको पेनाल्टी सुटमा गोल गर्न नस्कदा उपाधिका लागि टाइब्रेकर पर्खनुपरेको हो। निर्धारित समयको खेल गोलरहित बराबरीमा टुंगिएपछि खेलको निर्णय टाइब्रेकरबाट लिएको थियो। टाइब्रेकरमा इन्ट्रा पथरी-११ का मन्जिल खड्का, सञ्जय लिम्बू, नीरज परियार, सौर्य राउतले गोल गर्दा बेतना युनाइटेडका विवेक पौडेल र रुद्र कार्कीले गोल गरे। बेतनाका आशिष लावती र निमा तामाङको प्रहार भने गोलपोष्टमा लागेर फर्किएको थियो।

खेलको म्यान अफ दी म्याच बेतनाका विवेक पौडेल घोषित भए। प्रतियोगितामा बेतनाका मुस्कान लिम्बू उत्कृष्ट गोलरक्षक, मौसम सुब्बा उत्कृष्ट मिडफिल्डर र निमा तामाङ उत्कृष्ट फर्वड घोषित हुँदा इन्ट्रा पथरीका धिरेन क्षेत्री उत्कृष्ट डिफ्रेन्स, अर्जुन बस्नेत उत्कृष्ट प्रशिक्षक, मिक्चेन दास र सञ्जय लिम्बू हाइस्कोर र गोलरक्षक समिर क्षेत्री सर्वोकृष्ट खेलाडी घोषित भए।

विजेता तथा उपविजेता टिमलाई एन्फाका केन्द्रीय सदस्य दीपेन्द्र धिमाल, मोरङ जिल्ला फुटबल संघका अध्यक्ष सञ्जीव बुढाथोकी, केराबारी गाउँपलिका अध्यक्ष सुमन मिरिङचिङ मगर, वडा नं ६ का वडाध्यक्ष उपेन्द्र लुंगेली मगरले पुरस्कार प्रदान गरे। सतिसाले स्पोर्टिङ क्लब केराबारी-६ मोरङको आयोजनामा सम्पन्न गोल्ड कप सतिसाले स्पोर्टिङ क्लबको खेलमैदान भएको थियो।

# जैसीदेवललाई नौ स्वर्णसहित ११ पदक




■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)**– जैसीदेवल तेक्वान्दो डोजाङका खेलाडीले भारतको कोलकातामा भएको नवौं टीआईए खुला अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा ९ स्वर्ण, १ रजत र १ कांस्य गरी ११ पदक जितेका छन्।

पुम्सेमा रोजेन प्रजापति र मुविक्क्षा गजुरेलले स्वर्ण तथा वितिशा तामाङले रजत जितेको डोजाङका प्रमुखसमेत रहेका टोली प्रमुख राजेश प्रजापतिले जनाएका छन्। गेरोगीमा अभिमन्यु गजुरेल, वितिशा तामाङ, यमुना जर्घा मगर, अनमोल थापा मगर, सुप्रिया जोशी, राजीव गुरुङ र मुविक्क्षा गजुरेलले स्वर्ण तथा राहुलहाङ लिम्बूले कांस्य हात पारे।

उक्त प्रतियोगितामा अन्जित राई टिम प्रशिक्षक तथा भरत कारन्जित र सञ्जयध्वज जोशी अफिसियलका रूपमा सहभागी भएका थिए। प्रतियोगिता भारतको कोलकातास्थित विश्व बंगला कन्भेन्सन सेन्टरमा डिसेम्बर २१ देखि २३ तारिखसम्म भएको थियो।



इजिप्टको ग्रेटर कायरोमा रहेको ग्राण्ड इजिप्सियन संग्रहालयमा प्रदर्शन गरिएका कलाकृतिहरू । *तस्विरः सिन्हवा*

# दक्षिण कोरियामा गलत सूचना नियन्त्रण विधेयक पारित



**सियोल–** दक्षिण कोरियाको उदार नेतृत्वको राष्ट्रिय सभाले बुधबार 'गलत वा बनावटी जानकारी' प्रकाशित गरेको आरोपमा परम्परागत समाचारमाध्यम र इन्टरनेट मिडियामाथि कडा दण्डात्मक क्षतिपूर्ति लगाउन अनुमति दिने विधेयक पारित गरेको छ । सेन्सरसिपको जोखिमबारे व्यापक चेतावनी आउँदै गर्दा पनि विधेयक बहुमतले अनुमोदन गरिएको हो ।

पत्रकार संगठनहरू र नागरिक स्वतन्त्रता पक्षधरहरूले राष्ट्रपति ली जे म्युङलाई उनको डेमोक्रेटिक पार्टीले अघि सारेको उक्त विधेयकमा भिटो प्रयोग गर्न आग्रह गरेका छन् । उनीहरूको भनाइमा विधेयकमा कुन किसिमको जानकारी प्रतिबन्धित हुने भन्ने शब्दावली अस्पष्ट छ र प्रेस स्वतन्त्रताको रक्षा गर्न पर्याप्त सुरक्षा प्रावधान छैन । यसले सार्वजनिक अधिकारी, राजनीतिज्ञ र ठूला व्यवसायमाथि हुने आलोचनात्मक रिपोर्टिङलाई निरुत्साहित गर्ने खतरा रहेको उनीहरूको चिन्ता छ ।

यसअघि पनि यस्तै कानुन पारित गर्ने प्रयास असफल भएका डेमोक्रेटिक पार्टीका नेताहरूले भने नक्कली समाचार र गलत सूचनाको बढ्दो प्रवाहले समाजमा विभाजन र घृणापूर्ण भाषणलाई प्रोत्साहन गर्दै लोकतन्त्रलाई कमजोर बनाइरहेको तर्क गरेका छन् । उनीहरूका अनुसार यस्तो खतरा सामना गर्न यो कानुन अपरिहार्य भएको हो ।

पारित विधेयकअनुसार अदालतहरूले 'अवैध जानकारी' वा 'झूटो तथा बनावटी जानकारी' फैलाएको ठहरिएका समाचार संस्था र ठूला युटचुब च्यानलहरूलाई प्रमाणित नोक्सानको पाँच गुणासम्म दण्डात्मक क्षतिपूर्ति तिर्न आदेश दिन सक्ने छन् । साथै, अदालतमा ठ्याक्कै मूल्यांकन गर्न कठिन हुने क्षतिका लागि पाँच करोड वोन (करिब ३४ हजार २०० अमेरिकी डलर) सम्म क्षतिपूर्ति निर्धारण गर्न पनि सकिने व्यवस्था गरिएको छ ।

यसका अतिरिक्त, देशको मिडिया नियामक निकायले अदालतले झूटो वा पटक-पटक हेरफेर गरिएको ठहर गरेको जानकारी वितरण गरेमा सम्बन्धित सञ्चारमाध्यमलाई एक अर्ब वोन (करिब छ लाख ८४ हजार अमेरिकी डलर) सम्म जरिवाना गर्न सक्ने छ ।

मुख्य कन्जर्भेटिभ विपक्षी दल पिपुल पावर पार्टी (पिपिपी) का धेरै सांसदहरूले मतदान बहिष्कार गरेपछि राष्ट्रिय सभाले चार जना अनुपस्थितसहित १७०-३ को मतान्तरले विधेयक पारित गरेको हो । यसअघि पिपिपीले २४ घण्टासम्म बहसलाई अनावश्यकरूपमा लम्ब्याउँदै मतदान ढिलाइ गराएको थियो, जसक्रममा दुवै पक्षका सांसदहरूले विधेयकमाथि तीव्र बहस गरेका थिए ।

बहसलाई लम्ब्याउने क्रममा पिपिपी सांसद चोई सो-जिनले विधेयकले सूचना प्रतिबन्धका लागि आवश्यक अशुद्धताको स्तर स्पष्टरूपमा परिभाषित नगरेको आरोप लगाए । उनले चेतावनी दिँदै साना त्रुटि वा सामान्य दाबी भएका सामग्रीसमेत यसको दायरामा पर्न सक्ने र यसलाई मुद्दाको डर देखाएर आलोचकहरूलाई चुप गराउने उपकरणका रूपमा प्रयोग गर्न सकिने बताए ।

डेमोक्रेटिक पार्टीका नेताहरूले भने दण्डात्मक क्षतिपूर्ति त्यतिबेलामात्र लागू हुने स्पष्ट पारेका छन्, जब गलत जानकारी जानाजानी हानिकारक वा नाफामुखी उद्देश्यले फैलाइएको प्रमाणित हुन्छ र त्यसले वास्तविक क्षति पुर्‍याएको देखिन्छ । नियमित आरोप, दाबी वा आलोचनात्मक अभिव्यक्तिलाई दण्डित गरिने छैन भन्ने उनीहरूको भनाइ छ ।

उनीहरूले यो कानुनले 'सार्वजनिक हितका लागि गरिएको आलोचना वा निरीक्षणमा बाधा पुर्‍याउने उद्देश्यले' क्षतिको दाबी दर्ता गर्न निषेध गरेको प्रावधान रहेको पनि उल्लेख गरेका छन् । तर कानुनी विज्ञ र पत्रकार समूहहरूले यस प्रावधानलाई झनै अस्पष्ट र व्यवहारमा अव्यावहारिक रहेको भन्दै आलोचना गरेका छन् ।

डेमोक्रेटिक पार्टीका प्रवक्ता पार्क सू-हचुनले 'कानुनले लक्षित गर्ने कुरा वैध आलोचना होइन, बरु गलत जानकारीको दुर्भावनापूर्ण र जानाजानी प्रसार हो' भने । उनका अनुसार विधेयक आशयको आधारमा लागू हुने छ र व्यंग्य तथा प्यारोडीलाई समेत छुट दिइएको छ, जसले अभिव्यक्ति स्वतन्त्रताको सम्मान सुनिश्चित गर्छ ।

यसैबीच, नेसनल युनियन अफ मिडिया वर्कर्सले राष्ट्रपति लीको सरकार र डेमोक्रेटिक पार्टीलाई गलत वा हेरफेर गरिएको जानकारी नियमन गर्दा अभिव्यक्ति स्वतन्त्रतामाथि अतिक्रमण नहोस् भन्ने चिन्तालाई गम्भीररूपमा सम्बोधन गर्न आग्रह गरेको छ । संघले विज्ञप्ति जारी गर्दै कानुनले साँच्चिकै 'गलत वा बनावटी जानकारी' को सानो अंशमात्र लक्षित गर्ने कुरा स्पष्ट पार्न र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा पर्ने सम्भावित प्रभाव हटाउन विधेयकको सावधानीपूर्वक पुनरावलोकन गर्न आग्रह गरेको छ ।

साथै, कार्यान्वयनका लागि बन्ने अध्यादेश तयार गर्दा कानुनको दायरा स्पष्ट र सीमितरूपमा परिभाषित गर्न पनि संघले सरकारलाई आह्वान गरेको छ । *रासस/एपी*

# स्वदेश फिर्तीको तयारीमा तारिक रहमान



**ढाका–** बंगलादेशको प्रभावशाली राजनीतिक परिवारका उत्तराधिकारी तथा प्रमुख विपक्षी दल बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का नेता तारिक रहमान १७ वर्षको निर्वासन अन्त्य गर्दै स्वदेश फर्कने तयारीमा रहेका छन् । लामो समयदेखि लण्डनमा बसोबास गर्दै आएका उनी आगामी प्रमुख आमनिर्वाचनअघि ढाका आइपुग्ने तयारीमा छन् ।

६० वर्षीय रहमानले सन् २००८ मा आफूविरुद्ध राजनीतिकरूपमा प्रेरित उत्पीडन भएको आरोप लगाउँदै बंगलादेश छाडेका थिए । बिएनपीका कार्यवाहक अध्यक्ष रहेका उनले बिरामी आमाबाट पार्टीको नेतृत्व सम्हाल्ने अपेक्षा गरिएको छ । उनकी आमा ८० वर्षीया पूर्वप्रधानमन्त्री खालिदा जिया लामो समयदेखि अस्वस्थ रहँदै आएकी छन् ।

स्वास्थ्य समस्या र कारावासको कठिन समय बिताए पनि जियाले नोभेम्बरमा सन् २०२६ फेब्रुअरी १२ मा हुने आमनिर्वाचनमा प्रचार गर्ने घोषणा गरेकी थिइन् । तर त्यसको केही समयपछि उनी अस्पताल भर्ना भएकी छन् र हाल सघन उपचार कक्षमा उपचाररत छिन् ।

यो निर्वाचन पूर्वप्रधानमन्त्री शेख हसिनाको करिब १५ वर्ष लामो शासनपछि हुने पहिलो चुनाव हो । गत वर्षको जनआन्दोलनपछि हसिनाको शासन अन्त्य भएको थियो । हसिनासँग बिएनपीको लामो समयदेखि तीव्र राजनीतिक प्रतिस्पर्धा रहँदै आएको छ ।

हसिना सत्ताबाट बाहिरिएपछि रहमानमाथि लगाइएका केही गम्भीर अभियोगहरू खारेज गरिएका छन् । सन् २००४ मा हसिनाको र्‍यालीमा भएको ग्रेनेड आक्रमणको षडयन्त्रमा संलग्न रहेको आरोपमा उनलाई अनुपस्थितिमै आजीवन कारावासको सजाय सुनाइएको थियो, जसलाई उनले सधैँ अस्वीकार गर्दै आएका छन् ।

बिएनपीका महासचिव मिर्जा फखरूल इस्लाम आलमगीरले डिसेम्बर २५ मा रहमान 'ढाकाको भूमिमा हामीबीच आइपुग्ने' बताउँदै त्यस दिनलाई पार्टीका लागि ऐतिहासिक र उत्साहजनक हुने उल्लेख गरेका छन् ।

राजनीतिमा प्रवेश गर्नुअघि ढाका विश्वविद्यालयमा अध्ययन गरेका रहमान युवावस्थामै बिएनपीमा सक्रिय भएका थिए । उनका पिता जियाउर रहमान पूर्वराष्ट्रपति तथा सेना प्रमुख थिए । उनको हत्या रहमान १५ वर्षको हुँदा भएको थियो । त्यसपछि उन आफ्नी आमाको राजनीतिक छायामा हुर्किएका थिए ।

रहमानको राजनीतिक यात्रामा विवाद पनि जोडिएका छन् । उनीमाथि भाइ-भतिजावाद र भ्रष्टाचारको आरोप लाग्दै आएका छन्, जसलाई उनले सधैँ राजनीतिक प्रतिशोधको परिणाम भन्दै खारेज गरेका छन् । सन् २००७ मा भ्रष्टाचारको आरोपमा पक्राउ परेपछि हिरासतमा यातना दिइएको दाबीसमेत उनले गरेका थिए । उपचारका लागि लण्डन गएका उनी त्यसपछि लामो समय स्वदेश फर्कन सकेका थिएनन् ।

बेलायतमा रहँदा उनले परिवारसँग शान्त जीवन बिताएका थिए । तर हसिनाको शासन अन्त्यपछि उनी सामाजिक सञ्जालमार्फत सक्रियरूपमा देखिन थालेका छन् र बिएनपी समर्थकहरूका लागि आशा र एकताको केन्द्रको रूपमा उदाएका छन् । *रासस/एएफपी*

# युक्रेनमा विद्युत् संरचना क्षतिग्रस्त, आणविक केन्द्रहरू प्रभावित



**भियना–** सैन्य गतिविधिका कारण विद्युत् प्रसारण संरचनामा क्षति पुगेपछि युक्रेनका ख्मेल्नित्स्की र रिभ्ने आणविक विद्युत् केन्द्रहरूले विद्युत् उत्पादन घटाएका छन् । अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायका अनुसार आणविक सुरक्षा र संरक्षणका लागि अत्यावश्यक विद्युत् उपकेन्द्रहरू प्रभावित भएका छन् ।

निकायका महानिर्देशक राफाएल ग्रोसीले विद्युत् उपकेन्द्रहरूमा क्षति पुगेको पुष्टि गर्दै भने, 'द्वन्द्वका कारण विद्युत् प्रणाली लगातार कमजोर र अस्थिर बन्दै गएको छ, जसले आणविक विद्युत् केन्द्रहरूको सुरक्षित सञ्चालनमा गम्भीर जोखिम उत्पन्न गरेको छ ।'

विद्युत् उपकेन्द्रहरूले भोल्टेज रूपान्तरण र नियन्त्रणमार्फत भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्छन्, जुन आणविक केन्द्रका सुरक्षा प्रणाली र रिएक्टर चिस्याउने प्रक्रियाका लागि अनिवार्य हुन्छ । यही कारण, विद्युत् संरचनामा आएको क्षतिले आणविक सुरक्षालाई प्रत्यक्ष असर पार्ने निकायले जनाएको छ ।

यस महिनाको सुरुआतमा गरिएको मूल्यांकनमा युक्रेनका १० भन्दा बढी महत्त्वपूर्ण विद्युत् उपकेन्द्रहरूको अवस्था हालसम्मकै कमजोर रहेको निष्कर्ष निकालिएको थियो । *रासस/सिन्ह्वा*

# इसरोद्वारा नयाँ उपग्रह सफलतापूर्वक प्रक्षेपण

**नयाँदिल्ली–** भारतको अन्तरिक्ष अनुसन्धान संस्था (इसरो) ले बुधबार अहिलेसम्मकै सबैभन्दा धेरै तौल भएको उपग्रह सफलतापूर्वक प्रक्षेपण गरेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले यस उपलब्धिलाई भारतको अन्तरिक्ष क्षेत्रमा 'महत्त्वपूर्ण फड्को' भएको बताएका छन् ।

एलभिएम-३ एम-६ रकेटमार्फत अमेरिकामा निर्मित एएसटी स्पेसमोबाइल सञ्चार उपग्रहलाई पृथ्वीको कक्षमा सफलतापूर्वक स्थापित गरिएको हो । इसरोका अनुसार यो भारतीय भूमिबाट प्रक्षेपण गरिएको अहिलेसम्मकै सबैभन्दा ठूलो पेलोड हो, जसको तौल करिब छ हजार १०० किलोग्राम रहेको छ ।

यो प्रक्षेपण भारतको कम लागतमा आधारित महत्त्वाकांक्षी अन्तरिक्ष कार्यक्रमका लागि उल्लेखनीय उपलब्धि मानिएको छ । भारतले आगामी वर्षहरूमा मानवविहीन कक्षीय उडान तथा मानव अन्तरिक्ष यात्राको तयारी गरिरहेको छ ।

इसरोले भविष्यका अन्तरिक्ष मिसनहरूमा प्रयोग गरिने परिमार्जित रकेटमार्फत उक्त उपग्रह प्रक्षेपण गरिएको जनाएको छ । विश्वभर सञ्चार सेवाका लागि उन्नत उपग्रहको माग बढ्दै गएकाले भारत व्यावसायिक उपग्रह प्रक्षेपण बजारमा आफ्नो भूमिका विस्तार गर्ने प्रयासमा रहेको छ ।

प्रधानमन्त्री मोदीले यस उपलब्धिलाई 'भारतको अन्तरिक्ष यात्रामा गर्व गर्न लायक कोसेढुंगा' भन्दै यसले अन्तर्राष्ट्रिय व्यावसायिक प्रक्षेपण बजारमा भारतको उपस्थिति अझ मजबुत बनाएको बताए ।

यसअघि इसरोले करिब चार हजार ४१० किलोग्राम तौलको सिएमएस-०३ सञ्चार उपग्रह प्रक्षेपण गरेको थियो । भारतले सन् २०२७ अघि मानवविहीन कक्षीय उडान र त्यसपछि पहिलो मानव अन्तरिक्ष उडान गर्ने योजना बनाएको छ । साथै, सन् २०४० सम्ममा चन्द्रमामा भारतीय अन्तरिक्षयात्री पठाउने लक्ष्यसमेत घोषणा गरिएको छ । *रासस/एएफपी*

# टर्कीएमा दुर्घटनाग्रस्त विमानको ब्ल्याक बक्स फेला

**हायमाना, टर्कीए–** टर्कीएको राजधानी अंकाराबाट उडान भरेको केही मिनेटमै दुर्घटनाग्रस्त भएको निजी विमानको ब्ल्याक बक्स टर्कीका अधिकारीहरूले फेला पारेका छन् । उक्त दुर्घटनामा लिबियाली सशस्त्र बलका प्रमुख लेफ्टिनेन्ट जनरल मोहम्मद अल-हद्दादसहित उनका चार सहयोगीको मृत्यु भएको छ ।

फाल्कन ५० विमानले विद्युतीय प्रणालीमा समस्या आएको भन्दै आपत्कालीन अवतरणको अनुरोध गरेपछि सम्पर्क विच्छेद भएको थियो । विमान त्रिपोली फर्कदै गर्दा अंकारा नजिकैको हायमाना जिल्लामा खसेको हो ।

टर्कीएका गृहमन्त्री अली येरलिकायाका अनुसार भ्वाइस रेकर्डर र फ्लाइट डेटा रेकर्डर दुवै फेला परिसकेको छ र तिनको परीक्षण प्रक्रिया सुरु गरिएको छ । विमानमा तीन जना चालक दलसहित कूल आठ जना सवार थिए ।

जनरल हद्दाद टर्कीका सैनिक अधिकारीहरूसँग वार्ता सकेर स्वदेश फर्किरहेका थिए । घटनापछि २२ सदस्यीय लिबियाली प्रतिनिधिमण्डल अंकारा पुगेको छ भने मृतकका शवहरू दुर्घटनास्थलमै राखिएको छ । *रासस/एएफपी*


**मलेसियामा रोजगार** कम्पनी : S CITY SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331655 | चलानी नं. ६०२४५३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 25 | 0 | 1700 | ६०,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588, 9761702070
Mobile: 9851085102, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082



**साउदीमा रोजगार** कम्पनी : FAWZIA ALI YAHYA AL-QAHTANI FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335974 | चलानी नं. ६०२४९५४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३८,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**युएइमा रोजगार** कम्पनी : MMH SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 321388 | चलानी नं. ६०२३५८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Security Guards | 14 | 0 | 1200 | ४६,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



**युएइ/साउदीमा रोजगार** कम्पनी : AURA GENERAL CONTRACTING LLC — शेवा शुल्कः नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०१/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 322405 | चलानी नं. ६०२३६४६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (building Projects) | 9 | 0 | 1000 | ३९,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason / Brick Mason Assistant | 48 | 0 | 1000 | ३९,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८२ पुस १७ गते (1st Jan. 2026) मा हुनेछ ।

कम्पनी : GAOG CAFE for Drinks — शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335981 | चलानी नं. ६०२४९५५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४५,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-ISNAD OPERATION AND MAINTENANCE COMPANY — शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०९/०९ | LT. No. 335980 | चलानी नं. ६०२४९५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 10 | 0 | 1000 | ३८,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 20 | 0 | 1000 | ३८,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८२ पुस २१ गते (5th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २६८१०० | प्रति तोला – ० | प्रति तोला – ४४२० |



**तरकारी बजार** | काठमाडौं महानगरपालिका–१६ स्थित माछापोखरी सडकमा बुधबार बिहान तरकारी लगायथ कृषि उपज खरिदबिक्री गरिँदै । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# एकैपटक ११२ आयोजनाको ठेक्का आह्वान

■ **प्रभाव संवाददाता**

**खोटाङ–** भौतिक पूर्वाधार कार्यालयले ११२ आयोजनाका लागि ठेक्का आह्वान गरेको छ । कोशी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत भएको रु ६६ करोड बराबरको १२३ आयोजनाको ठेक्का गर्नुपर्ने जनाइएको छ ।

ठेक्का आह्वान भएका आयोजनाका लागि सम्बन्धित निर्माण कम्पनीसँग सम्झौताको प्रक्रियासमेत अगाडि बढेको भौतिक पूर्वाधार कार्यालयका प्रमुख विनम दाहालले जानकारी दिएका छन् । उनले भने, 'जग्गाको स्वामित्व नरहेको तथा स्थानीयको विवाद रहेको जस्ता आयोजनाको ठेक्का आह्वान गर्न बाँकी छ । ती आयोजनाको पनि चाँडै ठेक्का आह्वान गरेर प्रक्रिया अगाडि बढाउँछौँ ।'

दश स्थानीय तह रहेको खोटाङमा आव २०८२/८३ का लागि प्रदेश सरकारबाट स्वीकृत भएको रु एक अर्ब बढीका १६४ आयोजना परेका छन् । पूर्वाधार कार्यालयले दिएको जानकारीअनुसार जिल्लामा सडक कालोपत्र, सडक विस्तार तथा स्तरोन्नति, मोटरेबल पक्की पुल तथा झोलुङ्गे पुल निर्माण, आवास, कार्यालय तथा विद्यालय भवन निर्माणलगायत आयोजना छन् ।

कोशी प्रदेश सरकारबाट स्वीकृत आयोजनामध्ये बहुवर्षीय आयोजनाका लागि प्रस्ताव पेस गर्नुपर्नेमा २४ तथा १० बहुवर्षीय आयोजना चालु अवस्थामा रहेको जनाइएको छ । आव २०८२/८३ का लागि ठेक्का आह्वान गरिएका कतिपय आयोजनामा सम्बन्धित निर्माण कम्पनीसँग सम्झौता गरेर निर्माणको प्रक्रियासमेत अगाडि बढाइएको कार्यालय प्रमुख दाहालले जानकारी दिए ।

भौतिक पूर्वाधार विकास कार्यालयले जिल्लामा परेका आयोजनाको ठेक्का समयमै आह्वान गरेपछि निर्माण व्यवसायी पनि खुसी बनेका छन् । गत कात्तिक २ गतेदेखि पुस ३ गतेभित्र ११२ वटा आयोजनाका लागि पूर्वाधार कार्यालयले ठेक्का आह्वान गरेपछि निर्माण कम्पनीहरू सम्झौता गर्न भ्याइनभ्याई भएका छन् ।

दुई नगरपालिका र आठ गाउँपालिका रहेको खोटाङमा यस वर्ष अहिलेसम्मकै सबैभन्दा बढी आयोजनाका लागि बजेट परेको दाबी गरिएको छ । कोशी प्रदेश सरकारमा भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी खोटाङ क्षेत्र नं २ (ख)का प्रदेशसभा सदस्य भूपेन्द्र राई सम्हालेपछि करिब रु एक अर्ब बढीको १६४ वटा आयोजनाका लागि एकैसाथ बजेट विनियोजन गरेका हुन् ।

कोशी प्रदेश सरकारमा स्वास्थ्यमन्त्रीको जिम्मेवारीसमेत सम्हालेका भौतिक पूर्वाधार विकासमन्त्री राईले पहिलोपटक जिल्लामा यति धेरै आयोजनाका लागि बजेट विनियोजन गरेपछि खोटाङवासीले मन्त्री राईलाई धन्यवाद दिँदै खुसी व्यक्त गरिरहेका छन् ।

# 'मौद्रिक नीतिभन्दा वित्त नीतिमा समस्या'

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** आर्थिक सुस्तता, सुस्त पुँजीगत खर्च, बढ्दो व्यापार घाटा, कमजोर संस्थागत क्षमता जस्ता समस्याले अर्थतन्त्रमा देखिएको दबाबको समाधान मौद्रिक उपकरणले मात्र सम्भव नहुने जानकारहरूले बताएका छन् । वित्त नीति सुधार, सरकारी पुँजीगत खर्चको प्रभावकारिता र ठोस सुधार कार्यक्रम लागू नगरेसम्म अपेक्षित परिणाम नआउने धारणा विज्ञहरूले व्यक्त गरेका हुन् ।

नेपाल राष्ट्र बैंकले आयोजना गरेको 'आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक नीतिको कार्यदिशा' विषयक अन्तरक्रियामा राष्ट्र बैंकका गभर्नर प्राडा विश्वनाथ पौडेलले विश्वभर व्यापार घाटा पेचिलो मुद्दाका रूपमा देखिएको उल्लेख गर्दै नेपालको विकास यात्रा संरचनागत हिसाबले कमजोर हुँदै गएको बताए । 'अर्थतन्त्रको आधार कृषि क्षेत्रबाट औद्योगिक हुँदै सेवातर्फ जानुपर्ने हो । तर नेपालमा कृषि क्षेत्रबाट सिधै सेवा क्षेत्रमा उफ्रिँदा समस्या जटिल बन्यो', उनले भने । पूर्वाधार निर्माणका लागि आवश्यक संस्थागत क्षमता कमजोर भएकाले खर्च विनियोजन भए पनि कार्यान्वयन कमजोर भएको पौडेलको मूल्यांकन थियो । विकास निर्माणका काममा लगानी र ठेकेदार जो भए पनि नतिजा राम्रो आउनुपर्नेमा उनले जोड दिए । 'पैसाको सदुपयोग भएको छैन, थुप्रिएर बसेको छ । विकासमा हामीलाई नतिजा चाहिएको हो,' गभर्नर पौडेलले भने ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक रमेशचन्द्र पौडेलले कमजोर आर्थिक वृद्धिदर र बढ्दो व्यापार घाटा अहिलेको मुख्य चुनौती रहेको बताउँदै नेपालमा पटक-पटक राजनीतिक परिवर्तन भए पनि आर्थिक परिवर्तन हुन नसकेको बताए । 'राजनीतिक परिवर्तन भइरहँदा आर्थिक समृद्धि सधैँ ओझेलमा रह्यो,' उनको टिप्पणी थियो ।

उनका अनुसार मौद्रिक नीतिभन्दा वित्त नीतिमा ठूलो समस्या छ । उनले भने, 'मौद्रिक पाटो तुलनात्मक रूपमा सुधार हुँदैछ । तर वित्त नीतिको पाटो सुधार हुन सकेन । न पुँजी पलायन रोकियो, न प्रत्यक्ष वैदेशिक लगानी पर्याप्त आयो ।' उनले दोस्रो चरणको आर्थिक सुधारका रूपमा संस्थागत क्षमता विकासलाई प्राथमिकतामा राख्नुपर्ने, मूल्य अभिवृद्धि कर (भ्याट) मा बहुदरको आवश्यकता औँल्याए ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष पृथ्वीराज लिगलले बैंकमा खराब कर्जा बढेको, निजी क्षेत्र ऋण लिन अनिच्छुक र बैंकहरू पनि ऋण प्रवाहमा अनिच्छुक देखिएको बताए । 'कमजोर पुँजी सिर्जना भइरहेको अवस्थामा साढे तीन प्रतिशतभन्दा बढी आर्थिक वृद्धि सम्भव छैन,' उनको दाबी थियो ।


लिगलले भारतसँगको स्थिर विनिमयदर पुनरावलोकनको आवश्यकता रहेको उल्लेख गर्दै भने, 'स्थिर विनिमयदरका कारण उत्पादनभन्दा कारोबार (ट्रेडिङ) बढी आकर्षक भयो । निजी क्षेत्र उद्योगभन्दा व्यापारमा केन्द्रित भयो ।' उनका अनुसार यसले मूल्य नियन्त्रण र स्वतन्त्र मौद्रिक उपाय अवलम्बन गर्ने ठाउँ पनि सङ्कुचित बनाएको छ ।

कार्यक्रममा प्राडा गोविन्द नेपालले मौद्रिक नीतिले गर्न सक्ने धेरैजसो काम गरिसकेको उल्लेख गर्दै अब वित्त नीति सुधारको केन्द्रमा ल्याउनुपर्ने बताए ।

अर्थविद् डा. कल्पना खनालले बजारको माग बढ्न नसक्नु अर्थतन्त्र सुस्तताको मूल कारण रहेको बताइन् । अहिले अर्थतन्त्र सुधारको अपेक्षा वित्त नीतिभन्दा मौद्रिक नीति र राष्ट्र बैंकबाट धेरै गरिन थालेको उल्लेख गर्दै उनले दुवै क्षेत्रको समन्वयमा सुधारका प्रयास थालिनुपर्ने बताइन् । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा रामशरण खरेलले पछिल्ला वर्षमा अर्थतन्त्रले स्थिरता पाएको तर वृद्धि भने सुस्त बनेको बताए । 'हामीले स्थिरता हासिल गर्यौं, तर लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सकिएन,' डा खरेलले भने ।

## कर्पोरेट

### नागरिक लगानी कोषको पुस ३० मा साधारणसभा




**काठमाडौं (प्रस)–** नागरिक लगानी कोषको पुस ३० गते ३१ औं वार्षिक साधारणसभा हुने भएको छ । उक्त सभा कोष भवन परिसरमा हुने भएको हो ।

साधारणसभामा कोषको आर्थिक वर्ष २०८१/८२ को आम्दानी बाँडफाँट हिसाब विवरणमा छुट्याइएको पाँच प्रतिशत बोनस सेयर र आठ प्रतिशत नगद लाभांश पारित गर्ने एजेन्डा रहेको छ । त्यसैगरी सञ्चालक समितिमा सेयरधनीको तर्फबाट एक जना सञ्चालकको निर्वाचन हुने कार्य तालिका समेत रहेको छ ।

### ग्लोबल आइएमई र डिएआई-उदय परियोजनाबीच सहकार्यको सम्झौता

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र डिएआई-उदय परियोजना बीच कोशी प्रदेशका विभिन्न साना तथा लघु उद्यमहरूलाई वित्तीय पहुँचका लागि सहकार्य गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी तथा परियोजनाका चिफ अफ पार्टी अरुण रानाले हस्ताक्षर गरेका हुन् ।

समझदारी पश्चात् कोशी प्रदेशमा सञ्चालित विभिन्न साना तथा लघु व्यवसायहरूलाई सहजरूपमा कर्जा प्रवाह हुने र लगानीको अभावले व्यवसाय विस्तार गर्न असमर्थ उद्यम तथा उद्यमीहरूको व्यवसाय विस्तार सँगै रोजगारी वृद्धि हुने विश्वास बैंकले लिएको छ । यस सम्झौता अनुशार, डिएआई-उदय परियोजनाले छनौट गरेका उद्यम तथा व्यवसायहरूले ग्लोबल आइएमई बैंकको कोशी प्रदेशका सम्पूर्ण शाखा कार्यालयबाट सहजरूपमा कर्जा पाउनेछन् ।

नेपाल सरकार तथा स्विट्जरल्याण्ड सरकारको द्विपक्षिय पहलस्वरूप कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको प्राविधिक सहयोगमा कोशी प्रदेशका सम्पूर्ण जिल्लाहरूमा डिएआई-उदय परियोजनाले कार्य गर्दै आइरहेको छ । डिएआई-उदय परियोजनाले कोशी प्रदेशमा नबिकरणिय उर्जा, कृषी प्रशोधन, आईटी, पर्यटन तथा उत्पादनमुलक उद्योग लगायतका व्यवसायहरूलाई कर्जाको उपलब्धता तथा व्यवसायिक उन्नतीको लागि वित्तीय श्रोतमा सहज वातावरण बनाईरहेको छ ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४,




बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ ।

ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकका ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित १,००० भन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ ।

बैंकले रेमिट्यान्स सेवामार्फत नेपाली नागरिकहरूलाई विश्वभरबाट आर्थिक सेवा उपलब्ध गराउँदै आएको छ । अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत र जोर्डनजस्ता देशहरूबाट बैंकले रेमिट्यान्स सेवा संचालन गर्दै नेपालमा आर्थिक समृद्धिमा योगदान पुर्‍याउँदै आएको छ ।

# राष्ट्रिय वाणिज्य बैंक सम्मानित

**काठमाडौं (प्रस)–** नेपाल क्लियरिङ हाउस लिमिटेडद्वारा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड दुई विधामा सम्मानित भएको छ । डिजिटल भुक्तानी र प्रविधिमैत्री बैंकिङ सेवामा उल्लेखनीय योगदान पुर्‍याएको भन्दै बैंकलाई एकसाथ दुईवटा अवार्ड प्रदान गरिएको हो ।

बुधबार आयोजित नेपाल क्लियरिङ हाउसको १७ औं वार्षिकोत्सव समारोहमा राबा बैंकलाई सबैभन्दा बढी 'क्यूआर' मर्चेन्ट कारोबार गर्ने र सबैभन्दा बढी डिजिटल सरकारी कारोबार गर्ने बैंकका रूपमा पुरस्कृत गरिएको हो । उक्त सम्मान बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले ग्रहण गरेका थिए । राबा बैंकले भविष्यमा पनि डिजिटल बैंकिङ प्रवर्द्धन, सुरक्षित तथा प्रभावकारी भुक्तानी प्रणालीको विस्तार र ग्राहक-केन्द्रित सेवामा थप प्रतिबद्ध भएर अघि बढ्ने जनाएको छ । नेपाल क्लियरिङ हाउस नेपाल राष्ट्र बैंकबाट 'भुक्तानी प्रणाली सञ्चालक' को काम गर्न अनुमति प्राप्त संस्था हो ।

**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरौं**

- मौलिक संस्कृतिको रक्षा गरौं ।
- राष्ट्रिय पोशाक तथा मोलिक संस्कृतिप्रति गौरव गरौं ।
- मातृभाषाको सम्मान गरौं ।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्द्धन गरौं ।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं ।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरूको संरक्षण र प्रवर्द्धन गरौं ।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं ।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ